संसदीय समितिलाई प्रभावकारी बनाउनेतर्फ सबै ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३३८ • २०८१ साल बैशाख २४ गते सोमबार (6 May, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## महाधिवेशनको मुखमा जसपा फुट्यो

# संसदीय दल र कार्यकारिणी समितिको बहुमत यादवको विरुद्ध

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा)नेपाल मंगलवार औपचारिक रुपमा विभाजित भएको छ । जसपा नेपाल संघीय परिषद्का अध्यक्ष अशोक राईको नेतृत्वमा पार्टी संसदीय दलका बहुमत सदस्य र कार्यकारिणी समितिका बहुमत सदस्य अलगिएर नयाँ दल जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ता गराएका छन् ।

प्रतिनिधि सभामा जसपाको १२ जना सदस्य मध्ये ७ जना सदस्यले नयाँ दल दर्ताका लागि निर्वाचन आयोगमा भौतिक रुपमा नै उपस्थित भइ हस्ताक्षर सनाखत समेत गरिसकेका छन् ।

जसपा नेपालले १६ वर्ष पछि एकताको प्रथम राष्ट्रिय महाधिवेशन जेठ २८, २९ र ३० गते जनकपुरधाममा गर्ने तयारीमा जुटेको बेला पार्टीको अधिकांश नेताहरुले अध्यक्ष उपेन्द्र यादवलाई छाडेर नयाँ दल दर्ता गराएका छन् ।

उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री समेत रहेका अध्यक्ष यादव अमेरिकामा भ्रमणमा रहेका छन् । उनी अमेरिकाबाट कतार हुँदै फर्किने क्रममा रहेका छन् ।

जसपा नेपालबाट सरकारमा वन मन्त्री रहेका नवलकिशोर साह सुडी समेतले पार्टी छाडेका छन् । पार्टी छाड्ने सांसदको कित्तामा रहेको दावी गरिएको वन राज्यमन्त्री दिपक कार्की भने निर्वाचन आयोगमा अनुपस्थित रहेका थिए । यद्यपि उनको नाम जनता समाजवादी पार्टीको केन्द्रीय सचिवमा राखिएको छ ।

आसन्न महाधिवेशनमा यादवले अध्यक्ष पद छाडेर सर्वसम्मत नगरे उनका विरुद्ध उम्मेदवारी दिन घोषणा गरेको २४ घण्टा नबित्दै इस्तियाक राइ जसपाको महासचिव बनेका छन् ।

अशोक राईको अध्यक्षतामा नवगठित जसपाको सहअध्यक्षमा रेणु यादव र संघीय परिषद्को अध्यक्षमा राजेन्द्र श्रेष्ठ रहेका छन् ।

पछिल्लो पटक यादव उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री आफै बनेपछि पार्टी भित्र असन्तुष्टि बढेको थियो । उनलाई सरकारमा जान प्रत्यक्ष रुपमा अबरोध नगरिए पनि आन्तरिक रुपमा मोर्चाबन्दी सुरु भएको थियो ।

वर्तमान गठबन्धन भत्काउन नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसँगै भित्री खेलमा रहेका अध्यक्ष यादवलाई संसदीय दल र कार्यकारिणी समितिमा समेत एक्ल्याइएको छ ।

संसदीय दलका प्रमुख सचेतक प्रदीप यादव पनि राईको नेतृत्वमा उपमहासचिवको जिम्मेवारी पाएका छन् । अध्यक्ष यादवले पार्टीमा एकलौटी गरेकाले अर्को दल दर्ता गरिएको सांसद प्रदीप यादवले जनाएका छन् ।

'पार्टीको अध्यक्ष पनि उनी नै, दलको नेता पनि उनी नै, सरकारमा मन्त्री पनि उनी नै रहने भएपछि हामी अलगिएका छौं' उनले भने, 'पार्टीका सबै निकायका बहुमत पदाधिकारी सहित सदस्यहरु जसपाको पक्षमा आएका छन् ।'

उच्चस्रोतहरुका अनुसार जसपा नेपालका अध्यक्ष स्वदेश फिर्ता भएलगतै गठबन्धन भत्किने संभावना बलियो भइसकेपछि पार्टी नै विभाजन गरिएको छ ।

### जसपामा सांसद

अशोक राई
नवलकिशोर साह
प्रदीप यादव
हसीना खान
सुशीला श्रेष्ठ
रञ्जु झा
वीरेन्द्र महतो

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहेका बेला यादव उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री रहेका थिए । त्यसै हैसियतमा उनी भारत भ्रमणमा रहेको बेला ओलीले उनलाई स्वास्थ्य खोसेर कानुन मन्त्रालयको जिम्मेवारी दिएका थिए । पछि यादवले राजीनामा दिएर सरकारबाट बाहिरिएका थिए ।

निर्वाचन आयोगको दल विभाजन सम्बन्धी नियमावलीमा केन्द्रीय समितिको २० प्रतिशत र संसदीय दलको २० प्रतिशत सदस्यले दावी गरे अर्को दलको मान्यता पाउने प्रावधान छ । जसपा र नेकपा एमाले विभाजन गरेका महन्थ ठाकुर र माधवकुमार नेपाललाई दल दर्ता गर्न सहजताका लागि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले अध्यादेश ल्याएका थिए । त्यो अध्यादेश तुहिए पनि नियमावली जीवित नै रहेको आधारमा नयाँ दल दर्ता गरिएको उपमहासचिव प्रदीप यादवले बताए ।

| | |
|---|---|
| संघीय परिषद् अध्यक्ष | राजेन्द्र श्रेष्ठ |
| केन्द्रीय अध्यक्ष | अशोक राई |
| सहअध्यक्ष | रेणु यादव |
| उपाध्यक्ष | नवलकिशोर साह सुडी |
| | रणध्वज लिम्बु |
| | परशुराम बस्नेत |
| | सुशीला श्रेष्ठ |
| महासचिव | मोहम्मद इस्तियाक राई |
| उपमहासचिव | प्रदीप यादव |
| सचिव | दीपक कार्की |
| | रञ्जु ठाकुर |
| कोषाध्यक्ष | वीरेन्द्र महतो |
| केन्द्रीय सदस्यहरू | आङकाजी शेर्पा, मोहनलाल चौधरी, कृष्णबहादुर धुजु, लाबहादुर तामाङ, राधा तिमिल्सिना, सीमा सिंह, कमला विश्वकर्मा, शोभा बज्राचार्य, प्रमोद गुप्ता, पारस साह, पञ्चलाल महर्जन, केशव पौडेल, मनिकर कार्की, राजेशमान सिंह, हसिना खान, नानु थामी, हेमन्तराज भण्डारी माण्डब्य, पिंकीदेवी यादव |

जसपाको निर्वाचित ७ जना सांसद मध्ये ४ जना राइको पक्षमा लागेका छन् । ३ जना मध्ये अध्यक्ष यादव, राजकिशोर यादव र दीपक कार्की मात्र अलग छन् । पछिल्लो पटक समानुपातिक सूचीबाट सांसद बनेकी हसिना खानले पनि राईलाई नै साथ दिएकी छन् ।

चर्को विरोधका वावजुद यादवले सांसद बनाएका सप्तरीकी रञ्जु झाले पनि साथ छाडेकी छन् । नवलकिशोर साहलाई अध्यक्ष यादवले आफूसँगै वन मन्त्री बनाएका थिए ।

जसपा गठन भएदेखि हाल सम्म नवौं पटक विभाजित भइसकेको छ । हरेक विभाजनपछि कमजोर देखिए पनि चुनावबाट मधेशमा ठूलो दलका नेता बन्दै आएका यादवका लागि अमेरिका भ्रमण आत्मघाती भएको छ ।

जसपा विभाजन भएसँगै संघीय गठबन्धन भत्किने जोखिम न्यून भएको छ । जसपा विभाजनमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रमुख भूमिका निर्वाह गरेको आरोप संस्थापन पक्षले लगाएको छ ।

एकताको प्रथम महाधिवेशनका लागि गठित जनपरिचालन समितिको बैठक जनकपुरधाममा चलिरहेको बेला नै पार्टी विभाजनको खबरले सहभागीहरु स्तब्ध भएका थिए । महाधिवेशन हुने नहुने अन्योलमा उनीहरु परेका थिए ।

### महाधिवेशन अन्योलमा

महाधिवेशन उद्घाटनको ३५ दिन मात्र बाँकी रहँदा पार्टी विभाजित भएकाले निर्धारित समयमा महाधिवेशन हुने नहुने अन्योल बढेको छ ।

महाधिवेशनको मुख्य जिम्मेवारीमा रहेका नेताहरुले नै अर्को दल गठन गरेको कारण तयारी लगायतका सबै कार्यहरु प्रभावित भएको संस्थापन पक्षका एकजना केन्द्रीय सदस्यले जनाएका छन् ।

महाधिवेशनका लागि गठन गरिएको विभिन्न समिति र उपसमितिहरु तयारीमा लागेका थिए । संयोजकहरु नै अलग दल बनाएकाले भद्रगोल भएको उनले बताए ।

### प्रदेशहरूमा प्रभाव

जसपाको नेतृत्व रहेको मधेश प्रदेश सरकारमा पनि विभाजनको प्रभाव पर्ने छ । मधेश प्रदेशको गठबन्धन पनि भत्काउने आन्तरिक तयारी भइसकेको उच्चस्रोतले बताए ।

जसपाका उपमहासचिव समेत बनेका सांसद प्रदीप यादवले हप्ता दिनभित्र प्रदेशमा असर देखिने बताए । 'हरेक जिल्ला र प्रदेशमा जसपा नै बलियो रहेको छ' उनले भने, 'मधेश प्रदेशमा मुख्यमन्त्रीको विषयमा निर्णय भइसकेको छैन् ।'

मधेश प्रदेशमा जसपालाई हटाएर जनमत, माओवादी, लोसपा र एमाले मिलेर सरकार बनाउने बलियो संभावना छ । जसपा नेपालबाट छुटिटएर जसपामा जाने सभासदहरुले पनि नयाँ गठबन्धनलाई सघाउने छन् ।






तापक्रम घट्योः

# अब आउने वर्षाले आगलागी घटाउन सघाउने



काठमाण्डु । गर्मीका कारण आक्रान्त भइरहेका समयमा पछिल्लो केहीदिनयता मुलुकका धेरै स्थानमा मौसम बदली हुन थालेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले आइतबार पूर्वको कोसीका केही भूभागमा हल्कादेखि मध्यम वर्षा हुने र सोमबार र मङ्गलबार अन्य प्रदेशका विभिन्न ठाउँमा वर्षा हुने जनाएको छ ।

विभागमा मौसमविद् सरोज पुडासैनीले मौसम बदलीका कारण पछिल्ला केही दिनदेखि तापक्रम घट्दो क्रममा रहेको जानकारी दिँदै अब बढ्दो आगलागीलाई प्रभाव पार्ने गरी ठाउँठाउँमा वर्षा हुने जानकारी दिनुभयो ।

उहाँले शनिबारदेखि नै तराईका जिल्लामा ४० डिग्रीभन्दा तल नै तापक्रम रहेको जानकारी पनि दिनुभयो । यो क्रमशः घट्दै जाने उहाँले बताउनुभयो। शनिबार काठमाडौँमा २९.५ डिग्री तापक्रम थियो । शनिबार सबैभन्दा धेरै धनगढीमा ३९.३ र भैरहवामा ३८ डिग्री थियो । वर्षाको सम्भावना रहेकाले तत्काल तापक्रम नबढ्ने उहाँले बताउनुभयो। केहीदिनअघि यसपाली तापक्रम सबैभन्दा बढी भैरहवामा ४३.६ डिग्रीसम्म पुगेको थियो। पुडासैनीका अनुसार आइतबार कोसीका केही स्थानमा र सोमबार कोसी र गण्डकीका थोरै क्षेत्रमा पानी पर्ने र बाँकी पहाडी भूभागका केही क्षेत्रमा हल्लादेखि मध्यम वर्षाको सम्भावना छ।

मंगलबार भने कोसी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् पुडासैनीले जानकारी दिनुभयो । अब पर्ने पानीले कतिपय ठाउँमा भइरहेको आगलागी घटाउन सहयोग पुग्ने महाशाखाले जनाएको छ । हाल नेपालमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको मौसमविद् पुडासैनीले बताउनुभयो। उहाँका अनुसार सोही मौसमी प्रणालीका कारण देशका पहाडी भूभागमा आंशिक बदली रहेको छ।

**आगामी २४ घण्टाको अवस्था**

कोसी प्रदेशका थोरै स्थानमा तथा बाँकी पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ।

कोसी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावनाका साथै मधेस प्रदेशलगायत कोसी र लुम्बिनी प्रदेशका तराईका थोरै स्थानमा हावाहुरीको सम्भावना पनि रहेको छ।

त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।अहिले वर्षा नहुँदा अत्यधिक गर्मीका कारण देशभर आगलागीका घटना बढिरहेको छ । ठाउँठाउँमा जनधनको ठूलो क्षति भएको छ भने वनजङ्गल डढेर सखाप भएको छ । वनबाट बस्तीका आगो सल्किँदा कतिपय जिल्लाका बस्ती नै जलेका छन् । दैनिक सयौँ स्थानमा आगलागी भइरहेको छ ।रासस

# सरकार नागरिकको स्वास्थ्यप्रति संवेदनशील छ : प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार नागरिकको स्वास्थ्यप्रति संवेदनशील भएर काम गरिरहेको बताउनुभएको छ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) को २२औँ स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले सरकारले नागरिकको मौलिक हक कार्यान्वयनमा विशेष ध्यान दिएको बताउनुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "निकै ठूलो मेहनत र सङ्घर्षबाट प्राप्त भएको नागरिको मौलिक हक कार्यान्वयन गर्नु राज्यको दायित्व हो, यो दायित्व पूरा गर्न सरकार गम्भीर भएर लागेको छ । स्वास्थ्य सेवामा सामाजिक सुरक्षा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेर काम भइरहेको छ ।"

गरिब, विपन्न र असहाय नागरिकलाई स्वास्थ्य सेवा प्रवाहका लागि सरकारी अस्पतालका दुई हजार आठ श्यया निःशुल्क उपलब्ध गराइएको भन्दै प्रधानमन्त्री दाहालले पाठेघरको क्यान्सर र स्तन क्यान्सरविरूद्धको खोप निःशुल्करूपमा उपलब्ध हुने व्यवस्था मिलाइएको बताउनुभयो । "सबै सरकारी, सामुदायिक र निजी अस्पतालले कूल श्ययाको १० प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचारका लागि कार्यान्वयनमा ल्याउन पहल गरिएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यस्ता कामले स्वास्थ्य क्षेत्रका अधिकार व्यवहारमा कार्यान्वयनका लागि आधारभूत अर्थ राख्दछन् ।"

संविधानको व्यवस्थाअनुरूप चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलगायतका स्वास्थ्य संस्थाले महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहलले आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने राज्यको प्रमुख दायित्व पूरा गर्न प्रतिष्ठानले भूमिका खेल्नुपर्ने बताउनुभयो । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलाई स्वदेशी तथा विदेशी शैक्षिक निकायसँग समन्वय र सहकार्य गरी समयानुकूल र अन्तर्राष्ट्रियस्तरको शैक्षिक प्रतिष्ठान बनाउन आफ्नोतर्फबाट निरन्तर सहयोग रहने पनि प्रधानमन्त्री दाहालको भनाइ छ ।

आफूले सरकारको नेतृत्व लिएलगत्तै वीर अस्पतालको सेवा प्रवाहलाई प्रभावकारी बनाउन पहल लिएको अवगत गराउँदै प्रधानमन्त्री दाहालले सबै श्यया तथा शल्यक्रिया कक्ष सञ्चालनमा ल्याउने, वीर अस्पतालको सेवालाई दुई सिफ्टमा सञ्चालन गर्नेलगायतका कार्यलाई प्राथमिकता दिएको बताउनुभयो ।

कार्यक्रममा न्याम्सका रेक्टर डा लोचन कार्कीले न्याम्सको आफ्नै अस्पताल निर्माण नभएसम्म वीर अस्पतालबाट तत्काल नछुट्ट्याउन आग्रह गर्नुभयो । "न्याम्स र वीर अस्पताल छुट्ट्याउने विषयमा बहस चलिरहेको छ। यी दुईलाई तत्काल छुट्ट्याउदा धेरै विषयमा समस्या पर्ने देखिन्छ", रेक्टर डा कार्कीले भन्नुभयो, "न्याम्समा अहिले चलिरहेको सबै शैक्षिक कार्यक्रम बन्दहुने र त्यसको असर वीर अस्पतालको सेवामा समेत पर्नसक्छ। यसबारे बृहत् छलफल हुनुपर्छ ।" उहाँले न्याम्सको दायरालाई थप विस्तार गर्दै अघि बढेको जानकारी गराउनुभयो।

यस्तै, वीर अस्पतालका निर्देशक डा सन्तोष पौडेलले गुणस्तरीय स्वास्थ्य सेवाका लागि वीर अस्पताललाई विशिष्टकृत अस्पतालका रूपमा विकास गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । उहाँले न्याम्स र वीर अस्पतालले नवीन प्रविधिको प्रयोगबाट विविध विधामा फड्को मार्न सफल भएको बताउनुभयो।

"न्याम्सले दिएको सेवाको क्षेत्र फराकिलो छ तर न्याम्सभित्रको वीर अस्पतालमा चुनौती छन् । पूर्णक्षमतामा श्यया सञ्चालन गर्न सकिएको छैन । बजेटको अभावमा सेवा प्रवाहलाई थप व्यवस्थित गर्न सकेका छैनौँ", पौडेलले भन्नुभयो, "वीर अस्पतालमा प्राथमिकता निर्धारण गर्नुपर्ने अवस्था छ। तीन तहको सरकारको जिम्मेवारीअनुसार हामीलाई विशिष्टकृत सेवाको जिम्मेवारी केन्द्रित गराउनसके अझ बढी गुणस्तरीय सेवा दिन सकिन्छ। यस अस्पताललाई रिफरल केन्द्रका रुपमा विकास गर्नुपर्छ।"

न्याम्सले आफ्नो २२औँ स्थापना दिवसका अवसरमा पहिलो उपकुलपति दिनेशनाथ गङ्गोल र स्वर्गीय प्राडा उपेन्द्र देवकोटालाई सम्मान गरेको छ। न्याम्सबाट विभिन्न समयमा उत्तीर्ण उत्कृष्ट विद्यार्थी डा रविरमन न्यौपाने, डा निरोज बनेपाली र डा मुकेशप्रसाद यादवलाई समेत पुरस्कृत गरिएको छ। रासस

# काठमाडौँको वायु अझै अस्वस्थ



काठमाण्डु । आइतबार फेरि काठमाडौँ वायुप्रदूषणका हिसाबले विश्वकै दोस्रो स्थानमा प्रदूषित सहरका रुपमा सूचीकृत भएको छ। 'एयर क्वालिटी इन्डेक्स' को आइतबारको तथ्याङ्कअनुसार समग्र वायु गुणस्तर सूचकाङ्क (एक्यूआइ) एक सय ७७ पुगेको छ।

गत बिहीबार वायु गुणस्तर सूचकाङ्क (एक्यूआइ) एक सय ६८ पुगेको बुधबार वायु प्रदूषण बढेर वायु गुणस्तर सूचकाङ्क (एक्यूआइ) एक सय ९५ पुगेको थियो । शनिबार भने घटेर वायु गुणस्तर सूचकाङ्क (एक्यूआइ) एक सय ८५ रहेको थियो। 'एयर क्वालिटी इन्डेक्स' का अनुसार पहिलो प्रदूषित सहरका रुपमा भने भारतको दिल्ली सहर सूचीकृत भएको छ। डिल्लीको वायु गुणस्तर सूचकाङ्क (एक्यूआइ) दुई सय ४५ रहेको छ। यसैगरी तेस्रो स्थानमा चीनको बेइजिङ सहर विश्वकै तेस्रो प्रदूषित सहरका रुपमा सूचीकृत भएको छ।

सुक्खायामसँगै बढ्दै गइरहेको तापक्रम वृद्धिसँगै मुलुकको विभिन्न स्थानमा लागेको वन डढेलोका कारण वायुप्रदूषण पनि बढिरहेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सुक्खायामसँगै मुलुकका विभिन्न स्थानमा लागिरहेको डढेलो नियन्त्रण हुन नसक्दा काठमाडौँ उपत्यकालगायतका मुख्य सहरमा प्रदूषण बढेर वायु नै अस्वस्थ रहेको छ ।नेपालमा फागुन, चैत, वैशाख र जेठ महिनामा वायु प्रदूषण बढ्ने गरेको भन्दै सतर्कता अपनाउन वातावरण विभागले अनुरोध गरेको छ। मुलुकका विभिन्न स्थानमा लागेको वन डढेलोको धुवाँका कारण वायु अस्वस्थ्य भएको भन्दै विभागले सावधानी अपनाउन आग्रह गरेको हो।

विभागका अनुसार यस अवधिमा विशेष गरी बढ्दो तापमान, कम सापेक्षित आर्द्रता र सुक्खा मौसमजस्ता प्राकृतिक कारणबाट हुने डढेलो, मानवीय कारण जस्तै फोहर तथा कृषि अवशेष जलाउँदा तथा उद्योग कलकारखाना, सवारी साधन, भौतिक निर्माण आदिबाट निस्कने प्रदूषित धुवाँ धुलोबाट वायुप्रदूषण हुने गरेको पाइएको छ । विभागका महानिर्देशक भूपाल बरालले पछिल्लो समय बढ्दै गइरहको वन डढेलोको कारण प्रदूषण बढेको भन्दै अन्तरनिकायबीचको समन्वय बढाएर डढेलो नियन्त्रणका प्रभावकारी कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताउनुभएको छ।

"हाल देशका अधिकांश भूभागमा डढेलो तथा आगलागीका घटना बढिरहेको तथा डढेलोको कारणले धन जनको क्षतिका विवरण प्राप्त भइरहेका छन्", उहाँले भन्नुभयो, "भू-उपग्रहको तथ्याङ्क विश्लेषणबाट प्राप्त विवरणबमोजिम सन् २०२४ को सुरुआतबाट हालसम्म एक हजार छ सय ५३ वटा डढेलो तथा आगलागीका घटना भएको देखिन्छ । पछिल्लो दिनमा डढेलो तथा आगलागीका घटना बढेसँगै नेपालको अधिकांश भूभागमा वायुप्रदूषण बढेको पाइएको छ।"

डढेलोविद् सुन्दर शर्माले मुलुकको विभिन्न स्थानमा लागि रहेको वन डढेलोसँगै प्रदूषण पनि बढिरहेको भन्दै डढेलो नियन्त्रणका प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको छ । विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार ० देखि एक्युआइ ५० राम्रो अर्थात् हरियो चिन्हले चिनिन्छ। "५१ देखि एक सयसम्मको एक्युआइलाई होसियार होऔँ अथवा पहेँलो सङ्केतले चिनिन्छ। यसै गरी १०१ देखि १५० सम्मलाई अस्वस्थ्य जसमा श्वासप्रश्वास र मुटु रोगीका बिरामीलाई असर गर्छ भन्ने बुझिन्छ ।" उहाँले भन्नुभयो, "१५१ देखि २०० देखिको एक्युआइलाई पनि अस्वस्थ तर सबैलाई असर गर्छ भन्ने बुझिन्छ। २०१ देखि ३०० सयलाई धेरै अस्वथका रुपमा लिइन्छ र ३०१ देखि चार सयलाई खतरनाक र चार सय एक देखि ५० लाई धेरै खतरा मानिएको छ।"

काठमाडौँ उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआई को मान तीन सयभन्दा बढी भएको अवस्थालाई विपद् को रुपमा लिने बताएको छ। यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख गरिएको छ ।रासस

# माओवादीसम्बद्ध डेढ दर्जन विभागद्वारा अर्थमन्त्रीलाई सुझाव




काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनलाई आगामी आर्थिक वर्षको बजेट निर्माण सम्बन्धमा उहाँको पार्टी नेकपा (माओवादी केन्द्र) सम्वद्ध करिब डेढ दर्जन विभागले सुझाव दिएका छन् ।

माओवादी मुख्यालय कोटेश्वर पेरिसडाँडामा पुनलाई आइतबार विभिन्न विभागका प्रमुखसँग छलफल गरी सुझाव लिनुभएको हो । मन्त्री पुन माओवादी केन्द्रका उपमहासचिव र अर्थ तथा योजना विभाग प्रमुखसमेत हुनुहुन्छ । कार्यक्रममा विभागीय प्रमुखहरुले बजेटमा रोगजारी सृजना गर्ने तथा उत्पादन वृद्धि गर्ने योजनामा जोड दिन आग्रह गर्नुभयो।

बजेट बनाउँदा क्षेत्रगत सन्तुलन कायम गर्न, आर्थिक/सामाजिक रुपमा पछि परेका क्षेत्र तथा संविधानले नागरिकको नैसर्गिक हकका रुपमा स्वीकार गरेको स्वास्थ्य र शिक्षासहित ऊर्जा, कृषि, पर्यटन र सूचना प्रविधिलाई प्राथमिकतामा राख्न उहाँहरुको सुझाव थियो ।

अर्थमन्त्री पुनले सहभागितामूलक रुपमा बजेट निर्माण गरिने बताउनुभयो। गठबन्धन दलका चुनावी प्रतिबद्धताअनुसार सरकारको नीति कार्यक्रम ल्याइने उहाँको भनाइ थियो।

आफूले यसअघि विभिन्न क्षेत्रका प्रतिनिधिसँग बजेट निर्माण सम्बन्धमा सुझाव लिएको र ती सुझाव बजेट निर्माणमा समेट्ने प्रतिबद्धता जनाउनुभयो ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**सर्लाहीको बागमती नगरपालिका-७** निरैला टोलस्थित पक्की सडकमा सुकाउन राखेको मकैको दाना । यसरी बाटोमा मकै सुकाउन राखेपछि सवारीसधन दुर्घटनाको जोखिम बढेको देखिन्छ । *तस्बिर : रासस*

# सिधाकुराको अदालत अवहेलना मुद्दा 'हेर्दाहेर्दै' मा

**टुडे समाचारदाता**

काठमाण्डु ।अदालतको अवहेलना मुद्दामा सर्वोच्च अदालतले सिधाकुरा डटकममा अनलाइनले प्रकाशन र प्रसारण गरेको अडियोविरुद्ध मुद्दा 'हेर्दाहेर्दै'मा सोमबार सुनुवाइ हुने भएको छ ।



न्यायाधीश हरिप्रसाद फुयाल र महेश शर्मा पौड्यालको संयुक्त इजलासमा आइतबार अडियो उपलब्ध गराउने ललितपुर गोदावरीका राजकुमार तिमिल्सिनासँग आइतबार बयान लिने क्रम नसकिएपछि सोमबारका लागि हेर्दाहेर्दैमा राखिएको हो ।

अदालतले अनलाइनका कार्यकारी सम्पादक नवीन ढुङ्गाना र प्रकाशक युवराज कँडेलसँग बयान लिइसकेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको 'स्टिङ अपरेसन'सँग जोडिएको मुद्दा हारजित गराउन सर्वोच्चका न्यायाधीशसहित बैठक बसेको जनाउँदै सिधाकुरा डटकमले केही दिनअघि समाचार र अडियोसामग्री प्रकाशन गरेको थियो ।

अनलाइनले प्रकाशन र प्रसारण गरेको समाचार, अडियो-भिडियो सामग्रीबाट अदालतको अवहेलना भएको उल्लेख गर्दै यही वैशाख १६ गते सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्द घिमिरेले प्रतिवेदन पेस गरेका थिए ।

सोही आधारमा यही वैशाख १७ गते न्यायाधीश नहकुल सुवेदी र टेकप्रसाद ढुङ्गानाको इजलासले सो सामग्री २४ घण्टाभित्र हटाउन र बयानका लागि अदालतमा उपस्थित हुन आदेश गरेको थियो ।

# वैदेशिक रोजगार बचतपत्र निष्काशन हुँदै

**टुडे समाचारदाता**

काठमाण्डु । एक अर्ब बराबरको वैदेशिक रोजगार बचतपत्र-२०८६ निष्काशन हुने भएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आइतबारदेखि बिक्री खुला गरिएको बचतपत्र खरिदका लागि आगामी जेठ २२ गतेसम्म आवेदन दिन सकिने र जेठ २९ गते निष्काशन हुनेछ ।




> यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनसमेत सकिनेछ । जुनसुकै समयमा दोस्रो बजारमार्फत् खरिदबिक्री गर्न मिल्ने जनाइएको छ ।

वैदेशिक रोजगारीमा सङ्लग्न नेपाली नागरिक वा निजको परिवारको सदस्य तथा गैर-आवासीय नेपालीले बचतपत्र खरिद गर्न सक्नेछन् । वार्षिक नौ प्रतिशत ब्याजदर रहने र अर्धवार्षिक रुपमा ब्याज भुक्तानी गर्नेगरी ऋणपत्र ल्याइएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । घटीमा रु १० हजार र बढीमा रु १० हजारले भाग गर्दा निःशेष भाग जाने गरी बचतपत्र खरिद गर्न सकिनेछ ।

"यो बचतपत्र मुलुक बाहिर रोजगारीमा सङ्लग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको छ महिना नपुगेका नेपाली नागरिक वा गैरआवासीय नेपाली नागरिकले आफु वा आफ्नो परिवारको सदस्य (बुबा, आमा, श्रीमान्, श्रीमती, छोराछोरी मात्र) को नाममा खरिद गर्न सकिनेछ", सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले भनेको छ ।

यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनसमेत सकिनेछ ।

जुनसुकै समयमा दोस्रो बजारमार्फत् खरिदबिक्री गर्न मिल्ने जनाइएको छ ।

# लाल आयोगद्वारा प्रतिवेदन हस्तान्तरण




**टुडे समाचारदाता**

काठमाण्डु । डेडिकेटेड र ट्रंक लाइनको महसुल विवादका सम्बन्धमा गठीत छानबिन टोली द्वारा प्रतिवेदन हस्तान्तरण गरेको छ । छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिचन्द्रलाल नेतृत्वको आयोगले आइतबार प्रतिवेदन बुझाएको हो ।

आयोगका अध्यक्ष लालले आइतबार ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई प्रतिवेदन बुझाएका छन् । गत पुस २४ को मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश लालको नेतृत्वमा तीन सदस्यीय छानबिन आयोग गठन गरेको थियो । आयोगका सदस्यमा जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे सदस्य छन् ।

सो अवसरमा मन्त्री बस्नेतले आयोगको प्रतिवेदनको कार्यान्वयनका लागि सरकारले उच्च प्राथमिकता राख्ने जानकारी दिदै यसका लागि मन्त्रिपरिषद्को आगामी बैठकमा प्रस्ताव प्रस्तुत गरिने बताए । आयोगका अध्यक्ष लालले समग्र विषय र अवस्थाका बारेमा अध्ययन गरी प्रतिवेदन तयार पारिएको र लामो समयदेखिको विवाद समाधानका लागि आयोगले स्पष्ट मार्गनिर्देशन गरेको छ भने ।

# साइबर अपराधसम्बन्धी घट्ना बढ्दो



**टुडे समाचारदाता**

खजुरा । हात हातमा मोवाईल र इन्टरनेटको सुविधा भएसँगै त्यसको वेथिती पनि बढ्दै गएको छ । सामाजिक सञ्जालको प्रयोगले हुने घटनामा वृद्धि भई सामान्य रुपमा फेसबुकमा भएको कुराकानी, दुर्व्यहार, अनावश्यक फोटो राखी चरित्र हत्या गर्ने जस्ता क्रियाकलाप सम्बन्धीका ठाडो उजुरी जिल्ला प्रहरी कार्यालयमा दर्ता हुने क्रम बढेको छ ।

सूचना अधिकारी प्रहरी नायब उपरीक्षक नारायण डाँगीका अनुसार सामाजिक सञ्जाल फेसबुक, हवाट्सएप, भाइबर, इमो र फोनमा विभिन्न किसिमका कुराकानी तथा अनावश्यक सामग्री पोष्ट गर्ने जस्ता घटनाको उजुरी प्रहरीमा आउने गरेको छ । चालु आर्थिक वर्षको नौ महिनामा बाँकेमा साइबर अपराधसम्बन्धी ९८ वटा उजुरी दर्ता भएको छ ।

**गत आर्थिक वर्ष ४0 वटा उजुरी परेको थियो ।**

यो वर्षदेखि प्रहरी कार्यालयले साइबर अपराधसम्बन्धी छुट्टै शाखा स्थापना गरेर व्यवस्थित रुपमा काम गर्न थालेपछि उजुरी बढेको हो ।

प्रहरीका अनुसार सामाजिक सञ्जाल प्रयोग गरेर आर्थिक लाभ लिएका सम्बन्धी १८ वटा र सामाजिक सञ्जाल प्रयोग गरेर चरित्र हत्या गरेकोसम्बन्धी ८० वटा गरेर ९८ वटा उजुरी चालु आर्थिक वर्षको साउनदेखि चैतसम्म जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका छन् ।

आर्थिक लाभसम्बन्धी पाँच वटा र सामाजिक सञ्जाल प्रयोग गरी चरित्र हत्या गरेको सम्बन्धी दुई वटा उजुरी जिल्लामै फछ्र्यौट गरिएको प्रनाउ डाँगीले बताउनुभयो । आर्थिक लाभसम्बन्धी १३ वटा उजुरी जिल्लामै अनुसन्धान भइरहेको र सामाजिक सञ्जाल प्रयोग गरी चरित्र हत्या गरेको ७८ वटा उजुरी तालुक कार्यालयमा पठाइएको छ ।

सामाजिक सञ्जाल ह्याक गरी सामाजिक सञ्जालबाट ह्याकरले एकै किसिमको म्यासेज सबैलाई पठाउने गरिएको पाइएको छ ।

सोही कारणले चिठ्ठा, तालिम, बैंक खाताको ओटिपी माग गरी ठगी भइरहेकोबारे प्रहरीले सचेत गराउँदै आएको छ ।

# समितिद्वारा संशोधनको औचित्य पुष्ट्याइ गर्न आग्रह

**काठमाण्डु ।** कानुन, न्याय तथा मानवअधिकार समितिले केही नेपाललाई संशोधन गर्न बनेको विधेयकका संशोधनकर्तासँग विभिन्न मन्त्रालयसँगसम्बन्धी विषयमा संशोधन राख्नुपर्ने कारण र औचित्यबारे जानकारी लिएको छ ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कृषि तथा पशुपक्षी मन्त्रालयसँग सम्बन्धित दफामा छलफल भएको थियो ।समितिमा खासगरी सार्वजनिक खरिद् ऐनका कारण पूर्वाधार निर्माणमा देखिएको अल्झन, निर्माणको गुणस्तर, लगानी र समयावधिसँग जोडिएका विषयमा गहन छलफल भयो ।



त्यस्तै वीर अस्पतालप्रतिको जनविश्वासलाई सुदृढ तुल्याउन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान( न्याम्स)बाट अलग बनाउने गरी कानुन तर्जुमा गर्नेमा बैठकमा एक मत देखियो । त्यस्तै, आयोजनाका लागि बोलपत्र आह्वान गरी सम्झौताअनुरुप तोकिएको बजेटसीमा र समयावधिभित्र कार्य सम्पन्न नगर्न ठेकेदारलाई जिम्मेवारीबाट हटाएर भौतिकपूर्वाधार समितिमार्फत गराउन सक्ने व्यवस्था कानुनै उल्लेख गर्ने कि नगर्ने भन्ने विषयमा मन्त्रालयका सचिवबीचनै मतैक्यता हुन भने नसकेको पाइयो ।

विकास निर्माणका आयोजना अघि बढाउने सिलसिलामा लामो समयदेखि नै सार्वजनिक खरिद् ऐन बाधक रहेको भन्ने सर्वत्र गुनासो गरिँदासमेत समयमा ऐन संशोधनमा राज्यले किन चासो नदेखाएको भनी समिति सदस्यले प्रश्न गर्नुभयो ।

संशोधनकर्ताले आयोजनाको अनुमानभन्दा समयावधि र लागत बढ्नुले राज्यका समयन्त्रले ठिक मूल्याकन गर्न नसकिरहेको स्पष्ट रहेको भन्दै उहाँहरुले कानुनले नै भ्रष्टाचार र अनियमिता बढाउने छिद्र दिएपछि आर्थिक अनुशासन र सुशासन प्रवर्द्धन हुन नसक्ने धारणा राख्नुभयो ।सो अवसरमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेकोरोनासङ्क्रमणलगायत कठिन बेला वीर अस्पतालले गरेको योगदान स्मरण गर्दै राज्यको स्वास्थ्य प्रणालीको केन्द्रिय अस्पतालकारुपमा स्थापित रहेको बताउनुभयो ।

> "कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले पूर्वाधार विकासलाई अघि बढाउने सिलसिलामा सार्वजनिक खरिद ऐनमा देखिएको अल्झनलाई सुधार गर्न ऐन संशोधन अघि बढाइएको बताउनुभयो ।उहाँले भन्नुभयो, "आयोजना ठेकेदारले विभिन्न बहानामा अल्झन गरी रोकेर राखेमा उसबाट खोसेर राज्यकै भौतिक पूर्वाधार कम्पनीमार्फत गराइने व्यवस्था कानुनमा रहनु मुलुकका लागि हितको विषय हो ।"

उहाँले भन्नुभयो, "राज्यको मौलिक हकका रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने सन्दर्भमा जनशक्ति निर्माणमा पनि वीरले योगदान गरिरहेको छ ।" कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले पूर्वाधार विकासलाई अघि बढाउने सिलसिलामा सार्वजनिक खरिद ऐनमा देखिएको अल्झनलाई सुधार गर्न ऐन संशोधन अघि बढाइएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आयोजना ठेकेदारले विभिन्न बहानामा अल्झन गरी रोकेर राखेमा उसबाट खोसेर राज्यकै भौतिक पूर्वाधार कम्पनीमार्फत गराइने व्यवस्था कानुनमा रहनु मुलुकका लागि हितको विषय हो ।"

कृषि तथा पशुपक्षीमन्त्री ज्वालाकुमारी साहले देशको कृषि विकास र पशुपक्षीको विकास र प्रवर्द्धनका सम्बन्धमा सांसदले राखेका संशोधनले गुणस्तरीय कानुन निर्माणमा योगदान पुग्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "मुलुकको कृषि क्षेत्रमा दुरगामी असर पर्ने ऐन, कानुन तर्जूमा गर्दा गहन छलफल गरी गुणस्तरीय बनाउनु सक्नुपर्छ ।"रासस


## श्री नव दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.

भंगहा न.पा.-४, प्रेमनगर, महोत्तरी

E-mail: jyotinab58@gmail.com, Contact No.9809644488


## ऋणीलाई कर्जा चुक्ता गर्न आउने १५ दिने सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८१/१/२४ गते)

यस संस्थाबाट ऋण कर्जा लिने तपाई ऋणीले ऋण/कर्जा लिदा गरिदिएको लिखत र ऋण/कर्जा सुविधा स्वीकृति शर्तमा तोकिए बमोजिम यस संस्थालाई बुझाउनु पर्ने ऋण/कर्जा रकमको मासिक ब्याज तथा म्याद भित्र ऋण रकम चुक्ता भुक्तान नगरेको साथै संस्थाबाट लिखित तथा मौखिक रुपमा बारम्बार तर/ताकोता साथै मिति २०८०/१२/७ गतेमा कर्जा चुक्ता गर्न आउने भनि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाको लेन रकम नबुझाइएकोले लिएको ऋण/कर्जा चुक्ता गर्न तर्फ तत्परता नदेखाएको हुनाले यो १५ दिनको सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने सावां, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न ल्याउनु होला । उक्त म्याद भित्र ऋण/कर्जा चुक्ता भुक्तान नगरी बसेमा, ऋण/कर्जा लिदा लेखिएको धितो (दृष्टिबन्धक गरि दिएको जग्गा) सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ संशोधन सहित को तथा अन्य नेपालको कानुन बमोजिम लिलाम विक्री वा अन्य व्यवस्था गरी लिने व्यहोरा जानकारी गराइन्छ। साथै यस संस्थालाई लेखी दिएको धितो (जग्गा) बाट यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल सम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिलिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| ऋणीको नाम तिन पुस्ते र ठेगाना | ऋणी तथा जमानी कर्ता | धितोको विवरण |
|---|---|---|
| **ऋणीको नाम :-** सुशिला देवी काईरी<br>**बाबु/पतिको नाम :-** सरयुग महतो/राम औतार महतो<br>**ससुराको नाम :-** जैलाल महतो<br>**साविकको ठेगाना :-** महोत्तरी जिल्ला, पशुपतिनगर गा.वि.स, वडा नं. ०१<br>**हालको ठेगाना :-** महोत्तरी जिल्ला, भंगहा न.पा, वडा नं. ०४<br>**जारी मिति :-** २०६३/१०/११ जि.प्र.का. महोत्तरी |  | निज ऋणी शुशिला देवी कोईरीकै नाममा दर्ता रहेको जिल्ला महोत्तरी मालपोत कार्यालय बर्दिवासमा दर्ता कायम रहेको महोत्तरी जि. गा.वि.स. भंगहा वार्ड नं. ४, किता नं. १९५ र १ को क्षेत्रफल क्रमशः ०-१२-०-० र १-२-५-० |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# रेल बन्द चुनावको कारणले होइन्

नेपालको एकमात्र जयनगर-जनकपुरधाम-भँगहा रेल सेवा भारतमा निर्वाचनको कारण जनाउँदै तीन दिन बन्द गरिएको छ । भारतमा जारी रहेको लोकसभा निर्वाचनको तेस्रो चरणको मतदान मंगलवार हुँदैछ । मधुवनी जिल्लाको झंझारपुर निर्वाचन क्षेत्रमा पनि मंगलवार नै मतदान हुनेछ । झंझारपुर निर्वाचन क्षेत्रमा पर्ने जयनगर नेपाली रेलसित जोडिएको भारतको जयनगर स्टेशन मात्र हो । अन्य स्टेशनहरु नेपालमै पर्छन् । रेलवेका महाप्रबन्धक सामाजिक सञ्जाल फेसबुक मार्फत सार्वजनिक गरेको सूचनामा तीन दिन सम्म जयनगर-जनकपुरधाम-भँगहा रेल सेवा बन्द रहने जनाएका छन् । नेपाल र भारतका सीमावर्ती जिल्लाका क्रसबोर्डर सुरक्षा बैठकले सीमा क्षेत्र सिल गर्ने निर्णय गरेको छ । आइतवारदेखि नै सीमालाई दुवै देशका सुरक्षाकर्मीहरुले बन्द गरेका छन् । सीमा क्षेत्रमा सवारी साधनको आउजाउसँगै पैदल यात्रीहरुको आउजाउमा समेत रोक लगाइएको छ । सीमामा कडा सुरक्षा व्यवस्था मिलाइएको छ । नेपाली सुरक्षाकर्मीहरु पनि उच्च सतर्कतामा छन् । नेपालमा निर्वाचन हुँदा पनि भारतीय पक्षले सीमा सिल गर्छन् । दुई देशका अधिकारीहरुबीचको सहमति अनुसार नै जुन देशमा चुनाव भए पनि सीमा सिल हुने गर्छ । भारत विशाल लोकतान्त्रिक राष्ट्र हो । त्यहाँ सात चरणमा मतदान हुने निर्वाचन आयोगको तालिका छ । भारतीय सीमामा नेपाली सवारी साधन, व्यक्तिको प्रवेश निषेध गरिएको छ । तर नेपाली भू-भागमा सवारी साधन अथवा मानिसको आउजाउ निर्वाध रुपमा नै भइरहेको छ । नेपाली भू-भागमा कुनै प्रकारको रोक रहेको छैन् । मधुवनी जिल्लाको झंझारपुर निर्वाचन क्षेत्रसित जोडिएको मधवापुर बन्द गरिएको छ । तर सीतामढी जिल्लामा पर्ने भिठ्ठामोड लगायतका नाकाहरु बन्द गरिएको छैन् । भारतीय भूमिमा चुनाव हुने क्षेत्र बाहेकका क्षेत्रमा आउजाउ, सवारी साधन, रेल सेवामा रोक लगाइएको छैन् । तर नेपाल रेल्वेले नेपाली भू-भागमा समेत सेवा बन्द गरेको छ । विगतमा पनि भारतमा लोकसभा, विधान सभा अथवा स्थानीय निर्वाचन हुने दिन समेत रेल नेपालको खजुरी स्टेशन सम्म गुड्थ्यो । नेपालको भँगहा, जनकपुरधाम र खजुरीमा रेल सञ्चालन नगर्न भारतीय अधिकारीहरुले नेपाली अधिकारीहरुलाई आग्रह समेत गरेका छैनन् । रेलका महाप्रबन्धक निरञ्जन झाले चुनावको वहानामा अन्य कारणले रेलको सेवा बन्द गरेको देखिन्छ । नेपाली भू-भागमा रहेको खजुरीदेखि जनकपुरधाम हुँदै भँगहा सम्म रेल सञ्चालन हुँदा सर्वसधारणले सुविधा पाउने थिए । तर, चुनावको वहाना बनाएर रेलका महाप्रबन्धक झाले अन्य स्वार्थपूर्ति गर्न रेल बन्द गरेका छन् ।यसको छानविन हुनु आवश्यक छ । अनावश्यक रुपमा सर्वसाधारणलाई सास्ती दिन पाइदैन् ।

# चिनियाँ निर्माण कम्पनीको हेलचेक्र्याईले यात्रुलाई सास्ती



श्रीमन नारायण

एसियाली विकास बैंकको ऋण सहयोगमा थालिएको नारायणगढ-बुटवल सडक खण्ड विस्तारको कार्य कछुवाको गतिमा अगाडि बढेको छ । सडक विस्तारको ठेक्का हात पारेको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ्ग कम्पनीले २०७९ साउनभित्रै यस सडक खण्डको विस्तार गर्न सम्पन्न गरिसक्नुपर्ने थियो । २०७५ पुसमा ठेक्का प्राप्त गरेको यस कम्पनीले अहिलेसम्म ५० प्रतिशत जति काम मात्रै पूरा गरेको छ । २ वर्षअघि सरकारले ठेक्काको म्यादथप गरेर २०८१ साउनसम्म पुऱ्याउँदा पनि यो सम्पन्न हुने छाँटकाँट देखिँदैन । सडक भत्काएर अस्तव्यस्त बनाइएको कारण दिनहुँ दुर्घटनाका भइरहेका हुन्छन् । वर्षायाममा हिलोका कारण हिँड्न नसकिने अवस्था र बाँकी समयमा धुलोका कारण नारकीय यात्रा गर्नुपर्ने बाध्यता रहेको छ । धूप, धूँवा र धुलोलाई मानव शरीरको निम्ति अत्यधिक हानिकारक मानिन्छ । यस सडक खण्ड भएर यात्रा गर्नेहरुले धुँवा र धुलोसित मित्रता गाँस्नुको विकल्प छैन । चिनियाँ निर्माण कम्पनीहरुको हेलचेक्र्याईंका घटना यो एक्लो होइन । नेपालका कतिपय ठाउँमा चिनियाँ निर्माण कम्पनीहरुले लिएको ठेक्काको कार्यप्रगतिको अवस्था यस्तै खालका रहेका छन् । बावजुद पनि नेपालका कतिपय नेता र अधिकारीहरु पटक पटक तिनै चिनियाँ निर्माण कम्पनीहरुलाई टेण्डर दिने र तिनको टेण्डरको म्याद थप्ने काम गर्दै आएका छन् । आफ्नै जनतालाई दुःख दिने र आफ्नो देशको विकास कार्यमा समस्या निम्त्याउने लाई समर्थन गर्नेहरु नै आफूलाई राष्ट्रवादी पनि ठान्दै आएका छन् ।

नारायणगढ-बुटवल सडक खण्डको ११३ किलोमिटर लामो दूरीमा ११२ वटा कलभर्ट मध्ये ४० वटाको निर्माण सकिन लागेको अवस्था छ । अझ ७२ वटाको निर्माण बाँकी छ । साउन मसान्तसम्म यो सम्पन्न हुने सम्भावना देखिँदैन । निर्माण कार्यमा अपेक्षित प्रगति नदेखिए पछि सरकारले २०७९ सालको असोज महिनामा एक महिनाको सूचना निकालेर ठेक्का तोड्ने चेतावनी चिनियाँ निर्माण कम्पनीलाई दिएको थियो तर उसले चाँडै नै अधुरो रहेको निर्माण कार्य सम्पन्न गर्ने भन्दै सरकारलाई ढाँट्ने काम गरिरह्यो, सम्झौता अनुसार दुई खण्ड गरेर ठेक्का रकम सय अर्ब रुपैयाँ जतिको रहेछ । नारायणगढ-बुटवल सडक विस्तारको काममा ढिलाई भएपछि एसियाली विकास बैंकले नेपालकै काम गर्ने क्षमता माथि नै प्रश्न चिन्ह उठाएको छ । यसले नेपालको विश्वसनियता माथि पनि असर पार्नेछ । जब एसियाली विकास बैंककै ऋणमा काम गर्नुछ भने चिनियाँ कम्पनीलाई नै टेण्डर किन ?ः नेपालका कम्युनिष्ट पार्टीका नेता र मन्त्रीहरु चिनियाँ निर्माण कम्पनी माथि आँखा चिम्लेर विश्वास गर्दै आएका छन् । यसैको परिणति हो चिनियाँ निर्माण कम्पनीहरुको ढिलासुस्ती र हेलचेक्र्याई । नेपालका वामपन्थीहरुले चीनको देवत्वकरण नै गरिदिएका छन् । गतवर्ष निर्माण कम्पनीले २०८१ बैशाख दोस्रो साताभित्रकाम सक्छु भनेको थियो तर साउनसम्मपनियसको सम्भावनानदेखिएपछि अब २०८२ मंसिरसम्मका लागि परामर्शदाता मार्फत् म्याद थप मागेको छ । सरकारले चिनियाँ निर्माण कम्पनीको यो मागलाई कदापी मान्नु हुँदैन ।

८६.८२ किलोमिटर दुरीको कन्चनपुर-कमला सडक खण्डको ठेक्का सम्झौता २०७७ कार्तिक १३ मा भएको हो । सम्झौता अनुसार २०८० कार्तिक ११ भित्र निर्माण सकिसक्नुपर्ने हो । १५ अर्ब ६६ करोड रुपैयाँको यो ठेक्का चिनियाँ निर्माण कम्पनी चाइना रेलवे नम्बर २ इन्जिनियरिङ कम्पनीले लिएको हो । काम नसकिएकोले आगामी पुस १० सम्मकालागि म्याद थपिएको हो । प्रगति अहिलेसम्म ४७ प्रतिशत मात्रै भएको छ । साढे तीन वर्षमा हुन नसकेको काम ९ महिनामा पूरा हुने कुरा पत्यार लाग्दो देखिँदैन । नेपाल सरकारलाई ढाँटेर आफ्नो टेण्डरको म्याद लम्ब्याउने प्रयास मात्रै गरिरहेको छ, चिनियाँ निर्माण कम्पनीले । पूर्वी खण्ड ३९.४२ किलोमिटर र पश्चिमी खण्ड ३६.९९ कि.मी. दुरी रहेकोमा अहिलेसम्म ३२.८३ किलोमिटरमा दुई लेन कालोपत्र गरिएको छ । सडकको निर्माण कार्य सुस्त गतिमा हुँदा यात्रुहरुले मास्क लगाई हिँड्नु पर्ने तर त्यसबाट पनि राहत पाउन नसकिने अवस्था रहेको छ । अहिले तराई मधेसको चर्को गर्मीका कारण धुलो र धुँवासँग धूपको गर्मीले पनि यात्रुहरुको अवस्था कष्ट प्रद हुने गरेको छ । निर्माण सम्पन्न भएको केही ठाउँमा गुणस्तरको कुरालाई लिएर स्थानीय जनताले विरोध प्रदर्शन पनि गरेका थिए ।

पूर्व पश्चिम राजमार्गको काँकडभिट्टा इटहरीखण्डको ९५ किलोमिटरमा ठेक्का भएको छ । यसको ठेक्का २०८० असोजमा भएको हो । काँकडभिट्टाबाट सीतापुरी खण्डको ४५ किलोमिटरसम्म ठेक्का युरो एसियन कन्स्ट्रक्सन कम्पनीले संयुक्त रुपमा लिएको छ जबकि सीतापुरी-इटहरी खण्डको ५० किलोमिटरमा भने चाइना रेलवे नम्बर २ र तुँदी कम्पनीले सयुक्त रुपमा ठेक्का लिएका हुन् ।

देशका अति नै व्यस्त सडक खण्ड मध्येहरुको एक आँबु खैरहनी जामुने पहिलो (पूर्वी) र जामुने पोखरा दोस्रो (पश्चिम) गरी २०७७।०७८ मा यसको ठेक्का भएको थियो । आर्थिक वर्ष २०८१।०८२ भित्र सकिने गरी १३ अर्ब ६ करोड रुपैयाँमा ठेक्का भएको यस सडक खण्डको दुरी ८०.३३ किलोमिटर रहेको छ । पहिलो खण्डको ठेक्का चिनियाँ कम्पनी चाईना कन्स्ट्रक्सन कर्पोरेसनले लिएको छ । यो पनि एसियाली विकास बैंकको ऋण सम्झौतामा नै निर्माण भइरहेको छ । पहिलो खण्डको दुरी ४१.४५ किलोमिटर रहेको छ । दोस्रो खण्डको ठेक्का चिनियाँ निर्माण कम्पनी यान हुई कन्स्ट्रक्सनले लिएको छ । यसको दुरी ३८.८८ किलोमिटर रहेको छ । यस सडकखण्डको कार्य प्रगति ३७ प्रतिशत हाराहारीमा छ । निर्माण कार्यको प्रगतिलाई हेर्दा यसको म्याद पनि एक वर्षको लागि थप्नुको विकल्प देखिँदैन । नागढुङ्गा-नौबिसे सडक खण्डको स्तरोन्नतिको अवस्था पनि अन्य ठाउँहरु जस्तै छ । विश्व बैंकको ऋण सहयोगमा निर्माण भइरहेको यस सडक खण्ड अन्तर्गतको १२.२६ दुरीको सडक खण्ड निर्माण १ अर्ब ३० करोडको ठेक्का जाङ्सु सगुनले लिएको हो । २०७९ जेठ २६ मालिइएको ठेक्काको म्याद सकिन लाग्दा पनि ५० प्रतिशत काम मात्रै भएको छ । त्यसैगरी नौबिसे-मलेखुको ४३.५४ कि.मि. दुरीको ठेक्का रकम ५ अर्ब ३३ करोड रहेको छ । जेडआईसीजीचाईना-शर्मा-लामा जेभीले यसको ठेक्का लिएको छ । यसको म्याद सकिन एक वर्ष बाँकी रहँदा अहिलेसम्म १९ प्रतिशत मात्रै काम भएको छ । तेस्रो खण्ड मलेखु-मुगलिङको ठेक्का शर्मा-जेड आईसीजीले लिएको छ । ४ अर्ब २० करोड रुपैयाँको ठेक्का रहेको यसको म्याद २०८२ पुष १३ गतेसम्म रहेको छ । अहिलेसम्म यसको प्रगति ९ प्रतिशत मात्रै रहेको छ ।



नेपालको सडक पूर्वाधारमा सबैभन्दा बढी ठेक्का लिनेमा चिनियाँ कम्पनी छन् । तर, उनीहरुले लिएका प्रायः ठेकेदारी प्रगति भने निकै सुस्त देखिएको छ । कतिपयको पटक पटक म्याद थपिँदा पनि काम अघि बढ्न सकेको छैन । चिनियाँहरु मनले खाएका आयोजना छिट्टै बढाउँछन् तर बाँकीको अवस्था ढिलासुस्ती नै रहेको छ । पश्चिम सेती, बुढीगण्डकी, मेलम्ची सबस्टेशन, माथिल्लो त्रिशुली ए लगायतका अनेकौं आयोजनामा काम निकै ढिलासुस्तीले भएको अथवा बिचमै छाड्ने काम चिनियाँ निर्माण कम्पनीबाट भएको हो । नेपालमा चिनियाँ निर्माण कम्पनीहरु आफ्नो विश्वसनियता गुमाउँदै छन् । नेपाल र नेपाली जनताको हितलाई प्राथमिकता नदिने निर्माण कम्पनीलाई बोकी राख्नुको कारण छैन ।

# स्थानीय पाठ्यक्रमको महत्व र लक्ष्य



डा दीपेन्द्र रोकाया

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा गएसँगै ७५३ स्थानीय तह छन् । उनीहरुले १०० पूर्णाङ्कको एउटा स्थानीय पाठ्यक्रम निर्माण गर्न पाउने संवैधानिक अधिकार पाएका छन् । कक्षा १ देखि ८ कक्षासम्मका लागि पढ्ने पाठ्यक्रम कसरी बनिरहेको छ ? वा के अभ्यास भइरहेको छ ? जान्न आवश्यक छ ।

स्थानीय पाठ्यक्रम आवश्यक छ ? केही समयअघि हुम्लाको सर्केगाड र चैतको पहिलो साता अदानचुली गाउँपालिकामा पुग्ने क्रममा स्थानीय पाठ्यक्रमविज्ञ, स्थानीय ाालिकाका पदाधिकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रध्यानाध्यापक र विशेष कक्षा शिक्षकशिक्षिकासँग अन्तरक्रिया गर्ने अवसर मिल्यो । अहिलेसम्म हामीले पढ्ने पुस्तक काठमाडौंमा काठमाडौंकै विज्ञद्वारा देखिएको प्राथमिकतामा लेखिएका र प्रकाशन भएका हुन्थे । तिनका बारेमा हामीले प्रश्न गर्ने ठाउँ थिएन । निर्धारित पाठ्यक्रम पढ्नु हाम्रो कर्तव्य थियो । शिक्षकहरुले पढाउनु पर्दथ्यो र पढाउनु हुन्थ्यो । हामीले पढिरहेका विषयवस्तु जस्तै परिवेश, प्रकृति, प्रविधि, चाडवाड, संस्कार, संस्कृति, व्यक्तित्व, उद्यम, उत्पादन आदि यहाँका पनि थिए तर यिनको बारेमा कहिल्यै चर्चा हुँदैनथ्यो ।

यसअघि आमाको काखमा बसेर सिलोक सुन्दै लिएको शिक्षाको गणना भएको थिएन । बुबा तथा दाजुहरुले हाट र भोट तथा खर्क जाँदाका अनुभव सुनाएका ज्ञानलाई पढाइसँग जोडिएकै थिएन । गाउँघरका सीप र संस्कारले प्रचार हुने मौकै पाएनन् । पाठ्यक्रम विकास केन्द्रमा न पहुँच थियो, न यहाँका सिद्धहस्त लेखक थिए । यसैले स्थानीय ज्ञान र सीपबारे प्रकाशनमा आएको थिएन । सङ्घीयताले त्यो अवसर दिएको छ । दिगो विकास लक्ष्यले पनि स्थानीयकरणमा जोड दिदै आएको छ । यसैले स्थानीय सरकार पाठ्यक्रम निर्माणमा लागिरहेको देखियो ।

प्राथमिकता केमा दिने ? खास कुरो यसमा छ । जहाँ आफ्नो आवश्यकता महसुस गर्न सकिदैन, त्यहाँ प्राथमिकता निर्धारण गर्न सकिदैन । समाजमा आवश्यकताहरु अनगिन्ती हुन्छन् । आवश्यकताहरुलाई प्राथमिकीकरण गर्न सके मात्र सही समयमा सम्बोधन गर्न सकिन्छ। सम्बोधनको माने सम्पादन हो । अझ स्पष्ट रुपमा भन्नु पर्दा काम गर्न सकिने हुन्छ ।

प्राकृतिक स्रोत र सम्पदा हुनुले यहाँ गाउँ बस्ती बसेको हो । यसैले तिनको बारेमा खोजीनीति हुनु पर्छ । यहाँ बस्ती हुनुले सामाजिक रहनसहन बनेका छन् । तिनको जानकारी दिनु पर्छ । समाजलाई धर्म, संस्कृति र चाडपर्वले एकतामा ल्याएको छ । त्यसको गहिरो प्रभाव सबैमा परेको हुन्छ । यसले नजिकको अनुभूति दिने गर्छ । बाँच्नका लागि पेशा व्यवसाय गर्नै पर्‍यो । विभिन्न प्रविधि अपनाउनै पर्छ । तिनको खोजी र लेखाजोखा हुनपर्छ । जसका आधारमा उत्पादन हुन्छ । उपभोग गर्ने पनि विभिन्न तौरतरिका छन् । विशेष पहिरन छन् । तिनको महत्व छ । त्यो पनि खोजीको विषय बनाउनु पर्छ ।

आफ्नो गाउँ बस्ती कस्तो ठाउँमा छ र सम्भावित विपतको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा पनि सोच्न आवश्यक छ । एवं प्रकारले प्राकृतिक वनस्पति, जडीबुटी र जैविक विविधताको बारेमा जान्न आवश्यक छ । आफ्नो गाउँठाउँको बारेमा यस्ता कुरा जानकारी नभएको व्यक्तिले बाहिर कसरी समृद्ध परिचय दिन सक्छ र ? यसैले आवश्यकताको पहिचान गर्न र प्राथमिकता छनौट गर्न सक्नु पर्छ ।

पढाइ र परिक्षाको प्रभाव कस्तो हुन्छ ? पढे लेखेकालाई थाहा हुन्छ । दुबै पालिकामा भएको छलफलमा आफ्नो आवश्यकता, प्राथमिकता र आफ्नो पहिचानका बारेमा कुराकानी भयो । लफल र अवलोकनबाट के पाइयो भने सबै गाउँ-ठाउँले आफ्नो इतिहासको बोध गराउन चाहेको देखियो । वर्तमानको चाहना प्रस्ट्याउन खोजेको अनुभूति भयो । यसले भविश्यको आँकलन गर्न सहज हुन्छ । अहिले पाठ्यक्रमको विषयसूची खोजीरहेका छन्, भोलि त्यसको लेखन भएर पठनपाठन हुँदा स्थानीय गाउँठाउँ जिउँदो जाग्दो हुनेछ । यस पाठ्यक्रममा उत्तीर्ण भएका विद्यार्थीले दिने परिचय र भास्य पक्कै नयाँ हुनेवाला छ । अक्षरको ताकत कति हुन्छ ? अक्षरसँग खेल्नेहरुलाई थाहा हुन्छ ।

> कक्षा ८ पढ्दासम्म कम्तीमा १०८ वटा विषय क्षेत्रका बारेमा ज्ञान र सीप पाएको हुनुपर्छ । कक्षा तीनसम्म आमा कक्षा, पाँचसम्म समाज कक्षा र आठसम्म आधार कक्षा बनाउन सके असमान पढाइ समान प्रतिस्पर्धामा उत्रनपर्ने अवस्थालाई सहज बनाउन सकिन्छ ।

आफ्नो गाउँबस्तीलाई जिउँदोजाग्दो बनाउन हरेक जेष्ठ नागरिकलाई अनुभव बैंकको रुपमा लिएर उनको जीवनी र अनुभव लेख्ने अभियान चलाउन आवश्यक देखिन्छ । यिनै सामग्रीले स्तरीयताको आधारमा भोलि भौगोलिक रुपमा प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पहुँच पाउन सक्छ । अहिले विश्व एक गाउँ बनेको बेला प्रभाव विस्तार गर्न सक्ने हो भने सबै ठाउँ केन्द्र बनाउन सम्भव छ । सर्की देउ र फुचा, रोडिकोट, गोठी हुँदै बगेर आउने खोला ठुलो भएकाले तर्न गाह्रो हुँदा गार भनिने कुरालाई जोडेर पहिले सर्कीगार भनिएको कुरा लेख्नेहरुकै कारण सर्केगाड लेख्ने गरिएको छ । सङ्घीयतापछि सर्केगाड गाउँपालिका नामाकरण गर्नुका साथै पालिका केन्द्र पनि यहीँ राखिएको छ । यो पालिका जिल्लाकै केन्द्र भागमा पर्दछ ।

कैलाश पर्वतमालाको दक्षिणी भाग सर्केगाडको सल्लीसल्लासम्म फैलिएको छ । कर्नाली नदी पनि यहीँसम्म दक्षिण पूर्व भएर बग्दछ । सल्लीसल्लाको माथि जैर गाउँले कैलाशको जरोको रुपमा परिचय दिन खोजेको छ । मेथाले तीर्थस्थलको रुप खोजी रहेछ । दशरा मेलाले रामायणकालीन इतिहास खोज भनीरहेको छ । तुम्चको देवलले मल्ल राजाहरुको कला संस्कृतिको डोब देखाइरहेको छ । रिपले लाखापानी, मालिका तीर्थ र तामा तथा क्वार्जको खानी देखाइरहेको छ । उनापानीले तातोपानी खोला, गुसाल्या बस्ती र सात सर्की उत्पन्न भएको कथा सुनाइरहेको छ । रिप र उनापानीले भूस्वको रमाइलोपन बयान गरिरहेका छन् ।

सायाँले कर्नाली थुनेको ठेली, नाइती सल्ली तथा प्रशासकीय केन्द्र हुनुको जानकारी दिइरहेको छ । गोठीले तल्छरी, पोखी पाटन तथा शिक्षाको जग हालेको इतिहास खोज्न लगाइरहेको छ । बराइले यहाँको उत्पादनले पाएको महत्व, नाप्ल्या थाप्ल्या र देवाकाँधको महत्व दर्शाइरहेको छ । रोडिकोटले रोजेर बसेको कोट, शेराको जिउलो र भीमसेनले हाम फालेको फटकाल्ना चिनाइरहेको छ । सायाँ, गोठी, रोडिकोट र छ्यागीका ठकुरी बस्तीले गौरा पर्वको जानकारी दिइरहेका छन् । रादेउले महादेउ, रादेउ, झादेउ, इ्यारानी इ्या गवाला र हिल्साको इतिहास सुनाइरहेको छ । दुधेदह, भीउदूलो, छिन्ट्या ढुङ्गो, न्यारी चौर, हलाजु-डब्टीको हल गोरुको कथा भनिरहेको छ । भोराबाडा उत्तनुको नालीबेली सुनाइरहेको छ । बाइथला, दानीखोला र फुचिलो धनको कथा फुचाले सुनाइरहेको छ । थपाल्या ब्यासी समुदायले नयाँ वर्षको रुपमा मान्ने गरेको भूवो, नयाँ वार्षिक कार्यक्रम सार्वजनिक गर्ने दिनको रुपमा रहेको हरेलो र साउनपुनी पर्वको जानकारी दिइरहेको छ ।

तीनखुट्टे ओदान जस्तै चुलीलाई ओदानचुली भन्ने गरिन्थ्यो । लेख्नेहरुले अदानचुली लेखेका कारण सङ्घीयतापछि अदानचुली गाउँपालिका नामाकरण भएको छ । यहाँ छ वटा वडा रहेका छन् । कल्ख्याले कपिलदेव ऋषिले तपस्या गरेको धनगुफा, भाँड कुक्का र मुन्ट्याचौरको महिमा सुनाएको छ । श्रीनगरले यहाँको पोखरी बगेर गल्वा भएपनि राई ढुङ्गो हुनुले प्रशासकीय केन्द्र भएको र केही पुरातात्विक सामग्री पाइने जानकारी दिएको छ । रोकायाबाडाले अधिकांश सङ्घ-संस्थाको केन्द्र र काल्या देउको प्रभाव सुनाएको छ । लौठीले जोतिषी कार्य, विगोठीको हिल्सा र महादेवले तातो तेल पिएको कथा सुनाइरहेको छ । बारीगाउँले प्राकृतिक सम्पदाको रुपमा रहेको जल, जमीन, जङ्गल र जडीबुटीको स्रोत, यस क्षेत्रका धामीहरुले छापविदो लिने कालिका थान, नौमुली झरनाको व्यवहार, खौला लेकमा कङ्कसुर दानवको क्षतविक्षत् शरिरको जानकारी दिइरहेको छ । पाल्सले जहाँबाट आएपनि पालिन बस्ने ठाउँको परिचय, मुन्या लेकको कहानी, कहीं नभएको होचो वनस्पति बाउवीर्या रुख र चोख्या पर्वको महिमा सुनाइरहेको छ ।

यस्तै विभिन्न पैकेलाहरुको कथा सुन्न बाँकी छ । सर्केगाडमा देवपुरी हुम्ला र अदानचुलीमा गल्बा दरा लेख्नपर्ने देखियो । खोजबिन गर्ने हो भने नलेखिएका इतिहास पाइने देखियो । के यस बारेमा लेख्न र अनुसन्धान गर्न तयार हुनुहुन्छ ? 'कपी एण्ड पेस्ट' गरेर लेख्ने र शोध गर्ने परम्परा अन्त्य गर्न विश्वविद्यालय र शोधकर्ताको ध्यान यतातिर तान्न ढिलो भइरहेको छ । विश्वको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्नाली बनाउँदै गर्दा कर्नालीको गन्तव्य सबैले आ-आफ्नो गाउँपालिका र गाउँ बनाउन लगाउनु पर्छ ।

यो धुवाँ नआउने पर्यटन उद्योगबाट फाइदा लिन सबैले आफ्नो गाउँठाउँको सही, सत्य जानकारी दिन सक्नुपर्छ । त्यसलाई स्थानीय पाठ्य सामग्रीमा समेट्न आवश्यक छ । यसले आधारभूत रुपमा नैतिकता, मानवीयता, भाषा, कला, संस्कृति र कानुनको समेत आधारभूत ज्ञान दिन सक्नुपर्छ । कक्षा ८ पढ्दासम्म कम्तीमा १०८ वटा विषय क्षेत्रका बारेमा ज्ञान र सीप पाएको हुनुपर्छ । कक्षा तीनसम्म आमा कक्षा, पाँचसम्म समाज कक्षा र आठसम्म आधार कक्षा बनाउन सके असमान पढाइ समान प्रतिस्पर्धामा उत्रनपर्ने अवस्थालाई सहज बनाउन सकिन्छ । सबैलाई चेतना भया । (लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुनुहुन्छ)

# डढेलो लगाउनेको खोजी गरी कारबाही गर्न गृहमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले आगलगी गराउने लाई खोजी गरि तत्कालन कानुन बमोजीम कारवाही गर्न निर्देशन दिएका छन् । गृह मन्त्रालयमा आइतबार भएको 'डढेलो र आगलागीसम्बन्धी आपत्कालीन बैठक'मा उनले आगालागीका ९० प्रतिशत घटना मानवीय कारणले हुने उल्लेख गर्दै आगो लगाउनेलाई कानुनअनुसार कारबाही गर्न निर्देशन दिएका हुन् ।



गृह मातहतका निकाय र सुरक्षा अधिकारीलाई निर्देशन दिँदै गृहमन्त्री लामिछानेले केहि व्यक्तिको धुँताईकै कारण आगलागी हुँदा वन वस्ती सखाप भई करोडौको क्षतिका साथै मानवीय क्षती हुदै आएकोले त्यस्ता व्यक्तिलाई पहिचान गरि कारवाही गर्न आग्रह गरेका थिए । आगो लगाउनेलाई कारबाही र आगो लगाउनेको सूचना दिनेलाई पुरस्कृत गर्नुपर्ने मन्त्री लामिछानेको भनाइ थियो । उनले आगो लगाउने व्यक्तिबारे सूचना भए स्थानीय सरकार, जनप्रतिनिधि, स्थानीय प्रशासन, नजिकको प्रहरी कार्यालयलगायतलाई दिन पनि अनुरोध गरेका छन् ।

विपद् नै पिच्छे स्रोत-साधनको अभाव देखाएर गर्न सकिने सामान्य काम पनि नगर्ने प्रवृत्ति रहेकातर्फ सङ्केत गर्दै मन्त्री लामिछानेले नागरिकको ज्यान बचाउन राज्यले स्रोत-साधनको अभाव देखाउन नहुने बताए । स्रोत-साधन अपुग रहे पनि भएकाको उच्चतम सदुपयोग गर्न, कार्ययोजना बनाएर अगाडि बढ्न, जोखिमयुक्त क्षेत्र पहिचान गरी पूर्वतयारी गर्न निर्देशन पनि दिए ।

नीति, कानुन र व्यावहारिक कठिनाई भए फुकाउन आफूले नेतृत्व लिने भन्दै मन्त्री लामिछानेले डढेलोलगायत विपद् व्यवस्थापनमा स्थानीय सरकारलाई पनि स्रोत-साधन सम्पन्न बनाउनुपर्नेमा जोड दिए । छलफलमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले १० बुँदे कार्ययोजना प्रस्तुत गर्दै ' एकीकृत कमान्ड सेन्टर' स्थापना आवश्यक रहेको औंल्याएका थिए ।

दुई महिनायता आगलागीका घटनामा परी ५० जनाको ज्यान गएको, एक सय ४० जना घाइते भएको तथा एक हजारभन्दा बढी घर पूर्णरुपमा नष्ट भएको प्राधिकरणले जनाएको छ । यही वैशाख २१ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २२औं बैठकले पारित गरेको ' विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि-२०८१' अनुसार आगलागी पीडितले पनि अस्थायी आवास निर्माणका लागि दुई किस्तामा गरी रु ५० हजार अनुदान पाउनेछन् ।

# 'संघीयता कार्यान्वयनमा समन्वयको अभाव'

काठमाण्डु । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आइतबारको बैठकमा सांसदहरुले सङ्घीय कार्यान्वयमा तीन तहको सरकार बीच समन्वयको अभाव देखिएको बताउनुभएको छ । सङ्घीयता सबलीकरणको सवालमा कस्ता कदम चाल्नुपर्ने विषयमा छलफल केन्द्रित रहेको थियो । छलफलमा समितिका सभापति सोनाम गेल्जेन शेर्पाले जनता सेवा राम्रोसँग पाउन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "योजनाहरु राख्दा सङ्घीयताको संरचनालाई सोचेर राख्नुपर्छ । सङ्घीयता लागू भएपछि राम्रा काम पनि भएका छन् त्यसका बारेमा पनि छलफल हुन आवश्यक छ । यसलाई बलियो बनाउन सबैको समन्वय आवश्यक छ ।"




सङ्घीयता विज्ञ डा खिमलाल देवकोटाले 'राज्यको तहगत संरचनामा समन्वय र सहजीकरण' विषयमा प्रस्तुति गर्दै भन्नुभयो, "कतिपय नियामक ठाउँमै बसेकाले नै सङ्घीयता खारेज गर्नुपर्ने भन्ने गरेको पनि पाइयो । कर्मचारी व्यवस्थापनमा समस्या छ । कर राजस्व सङ्कलन र बाँडफाँटमा पनि समस्या रहेको पाइएको छ । स्थानीय तहमा अथाह स्रोतहरु छ तर त्यहाँ कर्मचारी छैनन् जसले यो संरचनामा समस्या ल्याएको छ ।"

उहाँले सङ्घीयताले उपलब्धि पनि ल्याएको भन्दै जनताले गुणस्तरीय सेवा प्रवाह चाहने भएकाले यसमा कस्ता खालका 'ग्याप' छन्, त्यो पूर्ति गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "प्रदेशको बजेट खर्च हुन सकेको छैन । विभिन्न संरचनाबीचको तादम्यता हुनपर्छ । प्रदेश र स्थानीय तहको समग्र वित्तीय स्थितिको गहन अध्ययन आवश्यकता छ ।"

सांसद उदयबहादुर बोहोराले सङ्घीयता कार्यान्वयन गर्न कम्तीमा पनि ५० प्रतिशत सबै तहको सरकारले व्यवहारमा ल्याए सङ्घीयता धेरै बलियो हुने धारणा राख्नुभयो । उहाँले भन्नुयभो, "सङ्घीयताको राम्रा पाटा थुप्रै छन् तर जानमानसमा सङ्घीयताले राम्रो प्रतिफल ल्याएन कि भन्ने बुझाइ छ । अहिले भ्रष्टाचार चुलिएको छ । सङ्घीयतालाई सबल बनाउन सबै पार्टी प्रतिबद्धता हुनुपर्छ । निर्वाचन प्रणालीमा सुधार गर्नुपर्छ र संरचनागत सुधार गर्नुपर्छ ।"

सांसद विष्णुकुमारी सापकोटाले सङ्घीयता राम्ररी कार्यान्वयन नहुँदा थुप्रै प्रशासनिक काममा जनमानसले झन्झट बेहोर्नु परेको बताउनुभयो । सांसद इन्दिरा देवी गौतमले सङ्घीयताका बारेमा विचार र विमर्श गरिरहँदा यसलाई लागू गर्न धेरै आयाममा जोड दिनुपर्ने बताउनुभयो । सांसद मोहम्मद खालिदले सङ्घीयताका बारेमा धेरैले अझै पनि नबुझेको भन्दै विशेषगरी स्थानीय तहलाई यसबारे राम्ररी बुझाउन आवश्यक रहेको बताउनुभयो । सांसद किरणबाबु श्रेष्ठले सङ्घीयताका बारेमा सबै जना जानकार हुनुपर्ने भन्दै यसको प्रभावकारी र व्यावहारिक कार्यान्वयन गर्नमा ध्यान दिनुपर्ने बताउनुभयो ।

सांसद गोपीबहादुर सार्की आछामीले सङ्घीयताले उत्पीडनमा परेकालाई अधिकार र जनताको पहुँचमा सरकार हुनुपर्ने धारणा राख्दै सङ्घीयता बलियो बनाउन निर्वाचन प्रणाली र शासकीय स्वरुपमा परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो ।रासस

# संसदीय समितिलाई प्रभावकारी बनाउनेतर्फ सबै लागनुपर्छ : सांसद सर्वेन्द्रनाथ शुक्ला

नेपालगञ्ज । संसदीय व्यवस्था लोकतन्त्रको सिद्धान्त र मर्मअनुसार चल्नुपर्ने हो । यसमा प्रतिपक्षको भूमिका संसद् भित्र बढी हुन्छ र सरकारको जिम्मेवारी संसद् प्रति हुन्छ । संसदीय व्यवस्थामा सरकारको निर्माण संसद्ले गर्छ । संसद् नै उसको जन्मदाता हो । सरकार जुन हिसाबले जिम्मेवार र सरकारका मन्त्रीहरु जुन हिसाबले जिम्मेवार हुनुपर्छ जनताप्रति र संसद्मा उठेका आवाजप्रति जिम्मेवार नभएको पाइएको छ । यसमा कमीकमजोरी देखिएको छ । संसद्मा सार्वजनिक महत्वका प्रस्तावहरु दर्ता भएका छन् तर त्यसको कहिल्यै पालो आउँदैन । अन्य महत्वपूर्ण प्रस्तावहरु संसद्मा दर्ता भए पनि त्यसका विषयमा छलफल भएको पाइँदैन ।

> समितिको भागवण्डामा लागेर कहीँ बलियो सभापति हुनुहुन्छ, कहीँ कमजोर सभापति हुनुहुन्छ र कहीँ अरुले "ड्राइभ" गर्ने हुनुहुन्छ । क्षमताभन्दा भागबण्डामा गएपछि हुने यही हो ।



संसद्का कैयन विषयहरु मुलुकका तीन ठूला दलको निगहामा छ । भागबण्डाको राजनीति चलिरहेको छ । संसद् लाई गतिशील तुल्याउन सरकार र संसद्मा सभामुखको भूमिका महत्वपूर्ण हुन्छ । सभामुख कहीँ न कहीँ आफ्ना पार्टी र पार्टी नेताको प्रभावमा देखिनुहुन्छ । अहिले मात्रै होइन पहिलेदेखि नै यो चलिरहेको छ । यसले संसदीय व्यवस्थालाई कमजोर बनाउने काम गर्छ । संसदीय व्यवस्था कमजोर भयो भने लोकतन्त्र कमजोर हुन्छ । त्यसै पनि यस व्यवस्थाप्रति जनताको मनभित्र मसिनोरुपमा वितृष्णा र नैराश्यता देखिएको छ । जनताको असन्तुष्टिको सम्बोधन गर्ने थलो पनि संसद् हो ।

अर्कातर्फ, संविधानको कार्यान्वयन सहीरुपमा हुन सकेको छैन । संविधानको त्रुटि र कमीकमजोरी बारम्बार उठिरहेको छ । यसको उपाय भनेको संसद्भित्र कार्यदल बनाएर संविधानमा भएको त्रुटि सच्याउन विज्ञसहितको टोली बन्नुपर्छ । संसदीय व्यवस्थाको पालना गर्दा देखापरेका अवरोध र कठिनाइलाई विज्ञ टोलीले पहिचान गर्नसक्छ र कार्यान्वयनका लागि मार्गदर्शन सुझाउन सक्छ ।

राज्य व्यवस्था समितिमा गम्भीररुपले काम भइरहेकै छ । सन्तुष्टिको कुरा गर्दा यसलाई अघि बढाउने र सुधार गर्ने धेरै ठाउँहरु छन् । म आफैं राज्य व्यवस्था समितिमा छु । यसको कामकारबाहीमा अझै सुधार गरेर धेरै काम गर्नुपर्ने छ । महिनाको दुई पटक बैठक बसिरहेको छ । दुई वा तीन विधेयक विचाराधीन छन् । अधिकतम छलफलबाट विधेयक पार लगाउनुपर्छ । यसमा विभिन्न कारण होला । जति अभ्यास समितिहरुमा हुनुपर्छ त्यो हुन सकेको छैन । संसद् चलेको अवस्थामा पनि समिति चल्नसक्छ । त्यो भइरहेको छैन । धेरै समितिहरुले प्रभावकारीरुपमा काम गर्न सकेको अवस्था देखिँदैन । सबैभन्दा बढी महत्वपूर्ण समिति राज्यव्यवस्था समिति हो । यस समिति राज्य सञ्चालनका लागि खास गरी सुशासनका लागि महत्वपूर्ण छ तर जति समय दिनुपर्ने हो त्यति समय दिएको छैन ।

विभिन्न समितिका बेग्लाबेग्लै समस्या छन् । ती समितिलाई सभामुखले निर्देशन दिन सक्नुहुन्छ । सभामुखको नेतृत्वमा समितिलाई अझै प्रभावकारी बनाउन पनि सकिन्छ । समितिमा कुन काम भयो वा भएन भनेर समीक्षा गर्ने परिपाटी छँदैछैन । बेलायत वा भारतसमेत संसदीय व्यवस्था अङ्गालेका विश्वका अधिकांश मुलुकका कुरा गर्ने हो भने त्यहाँ संसद् थोरै समय चल्छ तर संसदीय समिति निरन्तर चलिरहेको हुन्छ । र अधिकांश समाधानहरु समितिबाट नै निकाल्ने गरिन्छ । यो अभ्यास हामीकहाँ हुन सकेन र यो अभ्यास गर्न जरुरी पनि छ । समितिको महत्व बुझाउन सकेनौं । समितिको भागवण्डामा लागेर कहीँ बलियो सभापति हुनुहुन्छ, कहीँ कमजोर सभापति हुनुहुन्छ र कहीँ अरुले 'ड्राइभ' गर्ने हुनुहुन्छ । क्षमताभन्दा भागबण्डामा गएपछि हुने यही हो । यसैले गम्भीर भएर समिति कसरी कामकाजी हुन सक्छन् सभामुखले अलगअलग समितिसँग बसेर समस्याको समाधान खोज्नुपर्छ । अहिलेको अवस्थामा यसलाई 'फास्ट ट्र्याक'मा लैजानुपर्छ जबकि विधेयक अघि बढ्न सकेका छैनन् ।

वैदेशिक रोजगारीमा देखिएको युवा पलायन रोक्न सरकारले तत्कालीन, मध्यकालीन, दीर्घकालीन रोजगारका लागि कार्यक्रम बनाउनुपर्छ । रोजगार कसरी दिन सकिन्छ र स्वरोजगार कसरी बनाउन सकिन्छ यसका लागि योजना बन्नुपर्छ । तीनै तहको सरकारद्वारा कार्यान्वयन हुने खालको योजना बन्नुपर्छ र लागू हुनुपर्छ । हामीले दक्ष जनशक्ति पठाउन सकेका छैनौं । अधिकांश जनताले दक्ष जनशक्ति र अदक्ष जनशक्ति भएर जाँदा के समस्या हुन्छ बुझिसकेका छन् । रोजगारीमा जानेहरुका लागि तालिम सञ्चालन गर्दा ग्रामीण क्षेत्रका जनताको पहुँच हुने हिसाबले सोच्न जरुरी छ । अहिले धेरै मन्त्रालयमा तालिम दिने गरेको देखिन्छ तर त्यसको प्रभावकारिता पनि छैन र समन्वय पनि छैन । अधिकांश स्थानीय सरकारले औपचारिकरुपमा मात्रै तालिम दिने काम गरेका छन् ।

रुपन्देही निर्वाचन क्षेत्र ४ मा स्वास्थ्य र प्राविधिक शिक्षा सबैभन्दा बढी जरुरी छ । अहिलेको औपचारिक जुन शिक्षा छ, यसले बेरोजगार उत्पादन गर्ने कारखानाको काम गरिरहेको छ । त्यहाँबाट स्नातक उत्तीर्ण गरेर जागिर पाउँदैनन् अनि झन बढी निराशा पैदा हुन्छ । त्यसैले प्राविधिक शिक्षालाई ध्यान दिएर विद्यालयमा त्यसको पहुँच बढाउन आवश्यक छ । प्राविधिक शिक्षा भयो भने मान्छे स्वरोजगार पनि हुन्छ र आफ्नै देशमा काम हुन्छ । अहिले पनि पेन्टरलगायत विभिन्न क्षेत्रमा बाहिरबाट मान्छे बोलाएर काम गर्न बाध्य छौं । यसका लागि हामीले आफ्नो जनशक्ति तयार गर्न सक्नुपर्छ । स्थानीय सरकार र प्रदेश सरकारले समन्वय गरेर यसलाई जोड दिन सकिन्छ । जुन विद्यार्थीले १० कक्षा पास गर्न सकेको छैन, तिनीहरुलाई झन प्राविधिक शिक्षा दिन आवश्यक छ । सडकको कुरा स्थानीय सरकारले गरिरहेको छ । कुन क्षेत्रमा कति पैसा खर्च गर्ने भन्ने आधार मानव सूचाङ्कका आधारमा हुनुपर्छ । निर्वाचन क्षेत्रमा पैसा भएको बेला होस् वा नभएको बेला होस् त्यो बेला विकास सन्तुलित ढङ्गले हुन्थ्यो । गएको दुई वर्षमा बजेटमा परेपनि योजना ठप्प पारिएको छ । मेरो क्षेत्रमा पुलहरुको जरुरी छ । व्यावहारिकरुपमा पैसा जानु तर प्राविधिकरुपमा मद्दत नहुनु ग्रामीण क्षेत्रको विकासका लागि सबैभन्दा ठूलो अवरोध हो ।

सांसद सर्वेन्द्रनाथ शुक्ला लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का तर्फबाट रुपन्देहीको निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित सांसद हुनुहुन्छ । विसं २०४७ देखि निरन्तर सक्रिय राजनीतिमा संलग्न श्री शुक्ला अनुभवी राजनीतिक नेता पनि हुनुहुन्छ । उहाँले विसं २०५२ देखि पटकपटक विभिन्न मन्त्रालयमा मन्त्रीकारुपमा समेत काम गर्नुभएको छ ।रासस

# सरकार निजी क्षेत्रमैत्री रहेको सन्देश दिएका छौँ : अर्थमन्त्री पुन



काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले सरकार निजी क्षेत्रमैत्री रहेको सन्देश दिन सफल भएको बताउनुभएको छ । राजस्व परामर्श समिति र निजी क्षेत्रका छाता सङ्गठनहरुबीच आगामी आर्थिक वर्षको बजेटबारे आइतबार अर्थ मन्त्रालयमा भएको अन्तरक्रियामा अर्थमन्त्री पुनले निजी क्षेत्रका लागि सहज व्यावसायिक वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

लगानी अनुकूल वातावरण निर्माणका लागि अध्यादेशमार्फत विभिन्न आठवटा कानुनमा गरिएको सुधार तथा तेस्रो लगानी सम्मेलनमा निजी क्षेत्रको सक्रिय सहभागिताले सरकार निजी क्षेत्रमैत्री रहेको पुष्टि भइसकेको अर्थमन्त्री पुनले जिकिर गर्नुभयो । उहाँले अर्थतन्त्रमा विद्यमान शिथिलता अन्त्य गर्न राज्यले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र निजी क्षेत्रले राज्यसँग हातेमालो गरेर अघि बढ्ने वातावरण निर्माण हुनेमा विश्वस्त रहन आग्रह गर्नुभयो ।

"लगानी सम्मेलनका सबै सत्र र समापनसम्म निजी क्षेत्रलाई प्रस्तुत गरेका छौं । स्वदेशी र विदेशी लगानीकर्तालाई लक्षित गरेर कानुनमा भएका संशोधनले सकारात्मक वातावरण बनेको छ । मुखले मात्र होइन दुनियाँले देख्ने गरी सरकार निजी क्षेत्र मैत्री रहेको सन्देश दिएका छौं," उहाँले भन्नुभयो । निजी क्षेत्रसँगको सहकार्यमा उत्पादकत्व बढाई अर्थतन्त्रलाई गति दिने उहाँको भनाइ छ ।

आगामी आर्थिक वर्षको बजेटमा करका दर हेरफेरको आवश्यकता र औचित्य पुष्टि हुने गरी गरिने उहाँले स्पष्ट पार्नुभयो । अर्थतन्त्रमा योगदान गरिरहेका, उत्पादन वृद्धि तथा रोजगारी सिर्जना गरिरहेका नीति परिवर्तन नगरिने प्रतिबद्धता उहाँले जनाउनुभयो । "करका दर हेरफेर गर्दा यो कारणले बढायौं, यो कारणले घटायौं भन्छौं । यो हाम्रो सार्वजनिक प्रतिबद्धता हो । छिमेक र विश्वबजारसँग प्रतिस्पर्धा गरिरहेको निजी क्षेत्रलाई प्रतिस्पर्धी बनाउने नीति सरकारले लिएको छ", अर्थमन्त्री पुनले भन्नुभयो ।

सम्मेलनमा सरकार र प्रतिपक्षी दलका नेताबाट लगानी मैत्री वातावरणबारे व्यक्त समान धारणाले आर्थिक नीतिमा सिङ्गो देश एकै ठाउँ रहेको सन्देश गएको उहाँले उल्लेख गर्नुभयो । "प्रधानमन्त्री, मन्त्री र सत्तापक्षका नेताहरुले सकारात्मक कुरा गर्नु त छँदैछ तर प्रमुख प्रतिपक्षका नेता र विज्ञहरुले पनि एकै स्वरले देशमा लगानी आवश्यक रहेको बताउनुभयो", उहाँले भन्नुभयो, "लगानी वातावरण बनाउन सत्तापक्ष र प्रतिपक्षबीच नीतिगत मतभिन्नता छैन भन्ने सन्देश अन्तर्राष्ट्रिय लगानीकर्ता र देशभित्रकै निजी क्षेत्रलाई दिन सफल भएका छौं ।"रासस

# गण्डकीका मुख्यमन्त्री अधिकारीलाई विश्वासको मत प्राप्त

**टुडे समाचारदाता**

पोखरा । गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले विवादका विच विश्वासको मत प्राप्त गरेका छन् । गण्डकी प्रदेशसभाको आइतबारको बैठकमा मुख्यमन्त्री अधिकारीले विश्वासको मतका लागि गरेको प्रस्ताव बहुमतले पारित भएको गण्डकी प्रदेश सभाका सभामुख कृष्णप्रसाद धितालले घोषणा गरेका थिए ।

आइतबारको बैठकमा मुख्यमन्त्री अधिकारीले गरेको विश्वासको मतको प्रस्तावमा ३० मत परेको छ भने विपक्षमा २७ र तटस्थ दुई मत रहेको छ । विश्वासको पक्षमा नेकपा एमालेका २२, नेकपा माओवादीका सात र स्वतन्त्र प्रदेशसभा सदस्य एक जनाले मत दिएका छन् । विपक्षमा नेपाली कांग्रेसका २७ जना प्रदेशसभा सदस्यले मत दिएका छन् ।

मत विभाजनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका दुईजना सदस्य तटस्थ बसेका थिए । सर्वोच्च अदालतको आदेशलाई आधार मान्दै ३० मतलाई बहुमत घोषणा गरेपछि नेपाली कांग्रेसका सदस्यले बैठकस्थलमा नै नाराबाजी गरेका थिए । यसअघि बैठकमा मुख्यमन्त्री अधिकारीले राखेको विश्वासको प्रस्तावमा दलका नेताहरूले आ-आफ्ना धारणा राखेका थिए ।बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले सभामुखलाई कुनै दल विशेषको पक्षधरता नलिन आग्रह गरे । सभामुखले आफ्नो निर्णय गर्दा संविधानमा लेखिएको कुरा ख्याल गर्न उनको आग्रह थियो ।

नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता हरिबहादुर चुमानले प्रदेशसभा विघटनबाट जोगाउने जिम्मा सभामुखको हुने बताउदै रेफ्रीको भूमिका निर्वाह गर्न आग्रह गरेका थिए । राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता पञ्चराम गुरुङले नागरिकको चाहाना विपरीत केन्द्रदेखि प्रदेशसम्म बनेको यो गठबन्धन पवित्र नभएको र मुख्यमन्त्री अधिकारीलाई विश्वासको मत दिन नसकिने धारणा राखे ।


**Madhesh province Government**

**Health and Population Ministry**

**Province Health Logistic Management Center**

**Janakpur**

**NOTICE FOR PRICE BID**

**DATE OF NOTICE:6h May 2024**

Pursuant to clause 31(4) and (5) of Public Procurement Regulation 2064, this is to notify all the bidder that the following substantially responsive technical bidder has been selected for further evaluation as per the invitation for Bids published on National News Paper PHLMC; Madesh Pradesh decides to open the Price bid on 13th May 2024 on 2:0PM

| S. N. | IFB Number | Description of Work | Notice Published Date | Successful Bidders Name and Adress |
|---|---|---|---|---|
| 1 | MP/PHLMC/NCB/ GOODS-17.3/2080-81 | The Procurement and Delivery of X-Ray Film. | 6th May2024 | 1. Aaditya international pvt. ltd; Janakpur-02 |
| 2 | MP/PHLMC/NCB/ GOODS-1.2/2080-81(Re) | The Procurement of Injection Anti Rabies Vaccine(ARV)(Package-II | 6th May2024 | 1. Excel Pharma; Kupondole Lalitpur. |

# सिख हत्याका लागि भारतलाई दोष दिनु क्यानाडाको 'राजनीतिक बाध्यता'- नयाँदिल्ली

**एएफपी**

नयाँदिल्ली। भारतका विदेशमन्त्रीले गत वर्ष भ्यानकुभरमा एक सिख पृथकतावादीको हत्यामा कथित भारतीय संलग्नतामा क्यानाडाको अनुसन्धान 'राजनीतिक बाध्यता' भएको बताउनुभएको छ। हत्या मामिलामा तीन भारतीय नागरिक पक्राउ परेपछि उहाँले उक्त टिप्पणी गर्नुभएको हो ।क्यानाडाली प्रहरीले शुक्रबार हरदीप सिंह निज्जरको हत्या आरोपमा तीन जनालाई पक्राउ गरेको छ। प्रहरीले भारत सरकारसँग उनीहरूको सम्बन्ध छ वा 'अन्य कोही हुनसक्छ' भन्नेबारे अनुसन्धान गरिरहेको बताएको छ।



क्यानाडाली प्रधानमन्त्री जस्टिन ट्रुडोले भारतीय गुप्तचरलाई अपराधसँग जोड्ने 'विश्वसनीय आरोपहरू' थिए भन्नुभएपछि उक्त हत्याले गत शरद ऋतुमा ओटावा र नयाँदिल्लीबीचको कूटनीतिक सम्बन्धमा चिसोपन ल्याएको छ। भारतले आरोपहरूलाई 'अर्थहीन' भन्दै अस्वीकार गर्यो र कडा प्रतिक्रिया दियो। साथै क्यानाडाली नागरिकका लागि भिसामा केही समयका लागि रोक लगायो भने ओटावालाई आफ्ना कूटनीतिज्ञहरूलाई फिर्ता ल्याउन बाध्य पार्यो।

"क्यानाडामा भारतलाई दोष दिनु उनीहरूको राजनीतिक बाध्यता हो", शनिबार विदेशमन्त्री एस. जयशङ्करलाई उद्धृत गर्दै प्रेस ट्रस्ट अफ इन्डिया समाचार समिति (पिटिआई) ले भनेको छ। सन् १९८० को दशकमा खालिस्तान नामक सिख मातृभूमि निर्माण गर्ने उद्देश्यले भएको पृथकतावादी विद्रोहका क्रममा हजारौँ मानिस मारिएका थिए।

उक्त आन्दोलन भारतभित्र धेरै हदसम्म कम भएको छ तर क्यानाडामा रहेका करिब सात लाख ७० हजारसहितको सबैभन्दा ठूलो सिख आप्रवासीको समुदायले अल्पसङ्ख्यक स्वरको समर्थनलाई कायम राखेको छ।

"नयाँदिल्लीले ओटावासँग सिख पृथकतावादीहरूलाई भिसा वा राजनीतिक वैधता नदिनका लागि मनाउन खोजेको छ किनकी तिनीहरूले क्यानाडा, हाम्रा लागि तथा हाम्रो सम्बन्धका लागि समस्या निम्त्याउँदै छन्", विदेशमन्त्री जयशङ्करले भन्नुभयो, "क्यानाडाले केही मामिलामा हामीसँग कुनै प्रमाण साझा गर्दैन र प्रहरी एजेन्सीहरूले हामीलाई सहयोग गर्दैन।"

सन् १९९७ मा क्यानाडा बसाइँ सरेका निज्जरले १८ वर्षपछि त्यहाँको नागरिकता लिएका थिए। उनी कथित आतङ्कवाद र हत्याको षड्यन्त्र गरेको आरोपमा भारतीय अधिकारीहरूको खोजीमा थिए ।पक्राउ परेका तीनै जना भारतीय नागरिक २० वर्षको आसपासका थिए र उनीहरूमाथि 'फर्स्ट डिग्री' हत्या तथा षड्यन्त्रको आरोप लगाइएको थियो। उनीहरूमाथि गत जुनमा निज्जरको हत्यामा गोली चलाउने, चालक र जासुस भएको आरोप लगाइएको थियो। क्यानाडाली प्रहरीले हत्यामा 'अन्य मानिसले पनि भूमिका निर्वाह गरेको' थाहा भएको बताएको छ।

> सिख पृथकतावादी हत्यामा पक्राउपछि क्यानाडाका प्रधानमन्त्रीद्वारा "कानूनको शासन" को प्रशंसा प्रधानमन्त्री जस्टिन ट्रुडोले शनिबार क्यानाडाका सिख समुदायमा डर रहेको स्वीकार गर्नुभएको छ।

नोभेम्बरमा अमेरिकी न्याय विभागले चेक गणतन्त्रमा बस्ने एक भारतीय नागरिकमाथि कथितरूपमा अमेरिकी भूमिमा अर्का सिख पृथकतावादी नेतामाथि यस्तै प्रकारको हत्या प्रयासको योजना बनाएको आरोप लगाएको थियो। भारतीय विदेशी गुप्तचर अधिकारी उक्त योजनामा संलग्न रहेको वासिङ्टन पोस्टको अनुसन्धानले गत साता रिपोर्ट गरेको थियो तर नयाँदिल्लीले उक्त दाबीलाई खारेज गरेको छ।

सिख पृथकतावादी हत्यामा पक्राउपछि क्यानाडाका प्रधानमन्त्रीद्वारा 'कानूनको शासन' को प्रशंसा

प्रधानमन्त्री जस्टिन ट्रुडोले शनिबार क्यानाडाका सिख समुदायमा डर रहेको स्वीकार गर्नुभएको छ। यद्यपि गत वर्ष भ्यानकुभरमा एक सिख पृथकतावादीको हत्याको सिलसिलामा तीन व्यक्ति पक्राउ परेपछि उहाँले 'कानूनको शासन' लाई जोड दिनुभयो। प्रहरीले हरदीप सिंह निज्जरको हत्याको आरोपमा शुक्रबार तीन जनालाई पक्राउ गरेको छ। प्रधानमन्त्री ट्रुडोले हत्यामा भारत सरकारको संलग्नता रहेको बताउनुभएपछि क्यानाडा र भारतबीच कूटनीतिक मनमुटाव सिर्जना भएको थियो।

शनिबार टोरन्टोमा सिख सम्पदा र संस्कृति मनाउन आयोजित एक समारोहमा ट्रुडोले क्यानाडाका सिख समुदायमा धेरै मानिसले 'असहज महसुस गरिरहेको र अहिले पनि भयभीत रहेको' स्वीकार गर्नुभयो। यद्यपि उहाँले न्याय प्रणालीमा विश्वास गर्न आग्रह गर्नुभयो। "हामी शान्त बनौँ र हाम्रो लोकतान्त्रिक सिद्धान्त र न्याय प्रणालीप्रति हाम्रो प्रतिबद्धतामा अडिग रहौँ", उहाँले भन्नुभयो, "गिरफ्तारी महत्त्वपूर्ण थियो किनकी क्यानाडा बलियो र स्वतन्त्र न्याय प्रणालीसहितको कानूनको शासन भएको मुलुक हो, साथै नागरिकहरूको सुरक्षा गर्ने आधारभूत प्रतिबद्धता पनि हो।"


बाइस वर्षका दुई र अर्का २८ वर्षका गरी तीन भारतीय नागरिकलाई 'फर्स्ट डिग्री' हत्या र षड्यन्त्रको आरोपमा शुक्रबार पक्राउ गरिएको थियो। उनीहरूमाथि निज्जरको हत्या भएको दिन गोली चलाउने, चालक र निगरानीकर्ता भएको आरोप छ।

संदिग्धहरूको सम्बन्ध 'यदि भारत सरकारसँग छ' वा अरुको पनि संलग्नता हुन सक्छ भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। सन् १९९७ मा क्यानाडा बसाइँ सरेका र सन् २०१५ मा नागरिक बनेका निज्जरले भारतबाट निकालिएको खालिस्तान भनेर चिनिने छुट्टै सिख राज्यको वकालत गरेका थिए। उनलाई कथित आतङ्कवाद र हत्याको षड्यन्त्र गरेको आरोपमा भारतीय अधिकारीहरूले खोजेका थिए।

सन् २०२३ जुन १८ मा उपनगरीय भ्यानकुभरमा उनले नेतृत्व गरेको सिख मन्दिरको पार्किङमा मुखुन्डो लगाएका आक्रमणकारीले उनको गोली हानी हत्या गरेका थिए। प्रधानमन्त्री ट्रुडोले धेरै महिनापछि क्यानाडासँग हत्यामा भारतीय गुप्तचर संलग्न रहेको 'विश्वसनीय आरोप' को घोषणा गर्नुभएको थियो। साथै उहाँले एक भारतीय अधिकारीलाई निष्कासित गर्नुभएको थियो।

भारतले आरोपहरूलाई 'अर्थहीन' भन्दै अस्वीकार गर्यो र कडा प्रतिक्रिया दियो। साथै क्यानाडाली नागरिकका लागि भिसामा केही समयका लागि रोक लगायो भने ओटावालाई आफ्ना कूटनीतिज्ञहरूलाई फिर्ता ल्याउन बाध्य पार्यो। नोभेम्बरमा अमेरिकी न्याय विभागले चेक गणतन्त्रमा बस्ने एक भारतीय नागरिकमाथि कथितरूपमा अमेरिकी भूमिमा यस्तै प्रकारको हत्या प्रयासको योजना बनाएको आरोप लगाएको थियो।

# रोमाञ्चक मोडमा प्रिमियर लिगको उपाधि होड



**वीवीसी**

काठमाण्डु। प्रिमियर लिग २०२३-२४ को सिजन अब सकिन लागेको छ। लिगमा तीन चरणको खेल मात्र बाँकी रहँदा पनि कसले उपाधि जित्छ भन्ने कौतुहलता छ। तर, उपाधि होडमा सबैभन्दा अघि छन् आर्सनल र म्यानचेस्टर सिटी ।युरोपका पाँच ठूला लिगमध्ये स्पेन, इटली, जर्मनी र फ्रान्समा लिग विजेता टुंगो लागिसकेको छ भने इंग्ल्यान्डले लिग विजेता पाउन भने अझै केही खेलको नतिजा कुर्नुपर्ने छ।

साविक विजेता म्यानचेस्टर सिटी लगातार चौथो पटक उपाधि जित्ने होडमा छ भने आर्सनल २० वर्षपछि पहिलो पटक उपाधि जित्ने लक्ष्यमा छ ।लिगमा अब आर्सनलले २ र सिटीले ३ खेल खेल्न बाँकी रहँदा उपाधि होड रोमाञ्चक बन्दै गएको छ। एक खेल बढी खेलेको आर्सनलले सिटीले भन्दा एक अंक नै बढी जोडेको छ।

सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाले भनेका छन् कि उपाधिका लागि आफ्नो टिमले बाँकी तीनवटै खेल जित्नुपर्ने छ। 'एक हप्तामा तीन खेल खेल्न बाँकी छ। त्यसमा ९ अंक लिन सके हामी च्याम्पियन हुनेछौं। नभए ७, ६ वा ३ अंकले आर्सनलले प्रिमियर लिग जित्नेछ,' उनले भने ।यदि सिटीले बाँकी ३ खेल जित्यो भने लगातार चार प्रिमियर लिग उपाधि जित्ने पहिलो टोलीको रूपमा इतिहासमा नाम लेखाउनेछ।

व ल भ स वि रु द्ध एर्लिङ हालान्डको चार गोलमा सिटीले आफ्नो पछिल्लो अवरोध सजिलैसँग पन्छाएको छ ।वल्भ्सका मालिक ग्यारी ओ'निलका अनुसार सिटीसँग खेल्न अहिले सबैभन्दा कठिन छ। 'म्यानचेस्टर सिटी जब लगातार चौथो प्रिमियर लिग उपाधि जित्न खोजिरहेको छ। उनीहरू अहिले उत्कृष्ट लयमा छन् र इतिहासले पनि तपाईंलाई बताउँछ कि यस समयमा उनीहरूलाई रोक्न गाह्रो छ,' उनले भने।

अब सिटीले फुलहमसँग उसैको मैदान क्याराभान कटेजमा खेल्नेछ। फुलहम त्यस्तो टोली हो जसलाई सिटीले लगातार १५ पटक हराएको छ।सिटीले अन्तिम खेल वेष्टहमसँग घरेलु मैदानमा खेल्नेछ। सन् २०१६ मा ग्वार्डिओलाको आगमनपछि सिटीले घरेलु मैदान इत्तेहाद स्टेडियममा वेष्टहमविरुद्धको खेलमा कुनै अंक गुमाएको छैन।

त्यसपछि भने सिटीले टोटनहमको भ्रमण पनि गर्नेछ। सिटीले टोटनहमको नयाँ मैदानमा कुनै गोल पनि गर्न सकेको छैन र अंक पनि जोड्न सकेको छैन ।आर्सनलले भने म्यानचेष्टर युनाइटेड र एभरटनसँग खेल्न बाँकी छ। ग्वार्डिओला म्यानचेस्टर युनाइटेडले आर्सनललाई हराउन सक्नेमा विश्वस्त छैनन् आर्सनलले १२ मे मा म्यानचेष्टर युनाइटेडको होम ग्राउण्ड ओल्ड ट्राफोर्ड भ्रमण गर्नेछ।

सिटी सही समयमा लयमा

सिटीका लागि एक मात्र नकारात्मक पक्ष भनेको गोल अन्तर हो। सिटी भन्दा आर्सनल ६ गोलअन्तरले अगाडि छ। जसले गर्दा सिटीले लिग जित्न शीर्ष स्थानमै पुग्नुपर्छ। बराबरीले पर्याप्त हुँदैन ।'गोलअन्तर सम्भव छैन', ग्वार्डिओलाले भने, 'हामीले बराबरी खेल्नुहुँदैन। हामीले ९ अंक नै जोड्नुपर्छ।'

बीबीसी म्याच अफ दी डे सँगको छुट्टै कुराकानीमा गार्डिओलाले वेष्टहमसँगको खेल जित्दै उपाधि जित्ने अवसर हुने बताएका थिए ।आर्सनलले म्यानचेष्टर युनाइटेडलाई हराएमा र सिटीले फुलहम र टोटनहमसँगको खेल हारेमा वा बराबरी गरेमा सिटीको उपाधि होड अन्तिम खेलअघि नै सकिनेछ ।तर सिटी गज्जबको लयमा छ। डिसेम्बर ६ मा एस्टन भिल्लामा पराजित भएपछि सिटीले १६ जित र चार बराबरीसँगै अचम्मको लय कायम राखेको छ।

गत सिजन, सिटीले १६ खेलको अपराजित यात्रामा १४ खेल जित्दै उपाधि हात पारेको थियो भने अन्तिम दिन ब्रेन्टफोर्डमा हारेको थियो। त्यसको अघिल्लो वर्ष तिनीहरूले २८ खेलमा एक खेल मात्र हारे भने २३ खेल जितेका थिए।त्यसभन्दा अघिको सिजन, तिनीहरूले १९ खेलको अपराजित यात्रामा १७ खेल जितेका थियो ।'सिजनको अन्त्यमा तपाईं फरक ढंगले सोच्नुहुन्छ', सिटीका पूर्वडिफेन्डर मीका रिचर्ड्सले स्काई स्पोर्ट्सलाई भनेका छन्, 'यी खेलहरू सबैभन्दा महत्त्वपूर्ण छन् र त्यहाँ सिटीले लय समात्न सक्छ।'

### आर्सनल मद्दतको लागि प्रार्थना गर्दै

रिचर्ड्सका साथी फुटबल पण्डित जेमी रेडक्नापले भने आर्सनलको हकमा बाटो सिधा रहेको बताए ।उनीहरूले ओल्ड ट्राफोर्डमा खेल जित्नैपर्छ र त्यसपछि अन्तिम दिन फेरि एभर्टनविरुद्ध पनि जित्नुपर्छ। अरू सबै कुरा तिनीहरूको हातबाट बाहिर छ।

मिकेल अर्टेटाको आर्सनलले दुई सिजनमा जसरी खेलेको छ त्यसलाई हेरेर केहीले आर्सनलले २००४ पछि पहिलो लिग उपाधि जित्न सक्ने बताएका छन् ।तर, योर्गेन क्लोप र लिभरपुलले पत्ता लगाएजस्तै सिटीसँग नजिक हुनु र उनीहरुलाई पछि पार्नु दुई फरक कुरा हुन्।

आर्सनलका मिडफिल्डर डेक्लान राइसले पनि सिटी राम्रो टोली रहेको बताए। उनले भने, 'उनीहरूले गरेको कामको लागि ठूलो सम्मान छ। तर हामीसँग दुई खेलहरू छन् र हामी हाम्रो लक्ष्यमा पुग्न प्रार्थना गरिरहेका छौं।'

# संदिग्ध काश्मिर विद्रोहीद्वारा भारतीय वायुसेनाका कर्पोरलको हत्या

**एएफपी**

श्रीनगर ।भारत प्रशासित काश्मिरमा एउटा सैन्य 'एस्कर्ट' मा संदिग्ध विद्रोहीहरूले आक्रमण गर्दा भारतीय वायुसेनाका एक सदस्यको मृत्यु भएको र अन्य चार जना घाइते भएको आधिकारिक विज्ञप्तिमा जनाइएको छ। विवादित काश्मिर क्षेत्रमा राष्ट्रिय निर्वाचनका लागि प्रचार भइरहेको छ।





अज्ञात संख्यामा सशस्त्र आतङ्कवादीहरूले 'एस्कर्ट' मा आक्रमण गरेको वायुसेनाले विज्ञप्तिमा उल्लेख गरेको छ। उनीहरूले श्रीनगरको मुख्य सहरबाट दुई सय किलोमिटर दक्षिणमा पहाडी पुन्च क्षेत्रमा वायुसेनाको कम्तीमा एउटा ट्रकमा स्वचालित राइफलबाट गोली चलाएका थिए। शनिबार राति गोलीबारीमा वायुसेनाका पाँच कर्मचारी घाइते भएको र एक जनाको मृत्यु भएको थियो। मृत व्यक्ति कर्पोरल भएको पहिचान भएको छ।

छिमेकी निर्वाचन क्षेत्रले अप्रिल १९ को भारतको आम निर्वाचनको पहिलो चरणमा भाग लिएको थियो र पुन्चका मतदाताहरूले यसै साता आफ्नो मतदान गर्ने कार्यक्रम तय गरिएको थियो तर भारतको निर्वाचन आयोगले हालका दिनहरूमा खराब मौसमका कारण मे २५ सम्मका लागि मतदान स्थगित गरेको छ। सन् १९४७ मा आफ्नो स्वतन्त्रतादेखि काश्मिर भारत र पाकिस्तानबीच विभाजित छ। दुवैले यस क्षेत्रमाथि पूर्णरूपमा दाबी गर्दछन् तर यो विभाजित रूपमा प्रशासित छ। सन् १९८९ देखि भारतीय शासनको विरोध गर्ने विद्रोही समूहहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै भारत-नियन्त्रित काश्मिरमा विद्रोह सुरु गरेका छन्। द्वन्द्वमा हजारौं नागरिक, सैनिक र उग्रवादी मारिएका छन्।

अशान्त काश्मिर क्षेत्रमा निर्वाचनका लागि प्रचार अभियान तीव्र भएका कारण गत महिनादेखि यस क्षेत्रमा विद्रोही गतिविधिले तीव्रता पाएको छ। अप्रिलमा पूरा क्षेत्रमा तीन भिन्नाभिन्नै झडपमा तीन संदिग्ध विद्रोही मारिएका छन् भने एक प्रहरी अधिकारी र तीन सैनिक घाइते भएका छन् ।सन् २०१९ मा प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले काश्मिरको सीमित स्वायत्ततालाई रद्द गरेर सुरक्षा नियन्त्रण बढाएपछि त्यसयता हिंसामा धेरै कमी आएको छ। भारतमा छ सातासम्म चल्ने राष्ट्रिय निर्वाचन गत महिना सुरु भएको थियो र जुन १ मा समाप्त हुनेछ।


# गुगल प्ले स्टोरमा सामसुङको "गुड लक" एप

**एएनआई**

वासिङ्टन ।सामसुङको लोकप्रिय एप्लिकेसन 'गुड लक'लाई गुगल प्ले स्टोरमा राख्न थालिएको छ। जसले सामसुङ मोबाइलका प्रयोगकर्ताहरूको पहुँचमा महत्वपूर्ण विस्तार ल्याएको छ।

विगतमा सामसुङको ग्यालेक्सी स्टोरमा मात्र उपलब्ध यो एप अब एन्ड्रोइडका सबै प्रयोगकर्ताले सामसुङका प्रयोगकर्तालाई थप विकल्पहरू उपलब्ध गराउन सक्ने एरिनाले जनाएको छ। उक्त मोड्युल पहिले ग्यालेक्सी स्टोरमा मात्र उपलब्ध थियो र प्रयोगकर्ताहरूले अब अन्य प्लेटफर्मबाट पनि डाउनलोड गर्न सक्नेछन्।

गुगल प्ले स्टोरमा सामसुङको अनुप्रयोगहरूको विस्तारले प्रयोगकर्ताहरूलाई थप





डाउनलोड गर्न सक्ने जीएसएम एरेनाले जनाएको छ ।सामसुङले आफ्ना प्रयोगकर्ताहरूलाई आफ्ना एपहरूको पहुँच गर्न थप लचकता प्रदान गर्ने उद्देश्यले यो कदम चालेको हो।

यद्यपि, गुगल प्ले स्टोरमा गुड लक एपलाई हाल प्रारम्भिक पहुँचको रूपमा लेबल गरिएको छ जसले प्रयोगकर्ताहरूलाई सावधानी अपनाउन सुझाव दिन्छ। गुड लक एपको अतिरिक्त, सामसुङले गुगल प्ले स्टोरमा वन ह्यान्ड अपरेशन प्लस मोड्युल पनि समावेश गरेको छ। जसले सुविधा प्रदान गर्दछ। यसलाई पूर्व-रिलीज संस्करणहरूमा उत्पन्न हुन सक्ने सम्भावित बगहरूका समस्यालाई विचार गर्दै विवेकका साथ प्रारम्भिक पहुँच ट्र्यागमा पुग्न सल्लाह दिइन्छ। बग भन्नाले कम्प्युटर प्रोग्राम वा हार्डवेयर प्रणालीमा भएको त्रुटि, गल्ती वा त्रुटिलाई जनाउँछ ।यी प्रस्तावहरू खोजी गर्न चाहनेहरूका लागि गुड लक एप र वन ह्यान्ड अपरेसन प्लस मोड्युल दुवै अब गुगल प्ले स्टोर र ग्यालेक्सीबाट डाउनलोड गर्नका लागि उपलब्ध रहेका छन्।

# अमेरिकाको टेक्सासमा बाढी प्रभावित क्षेत्रबाट छ सयभन्दा बढीको उद्धार

**सिन्ह्वा**

ह्युस्टन। अमेरिकाको चौथो ठूलो शहर टेक्सासको ह्युस्टन वरपरको बाढीग्रस्त क्षेत्रबाट छ सयभन्दा बढी व्यक्तिको उद्धार गरिएको छ। बाढीको कारण जोखिम बढ्ने र थप वर्षाको पूर्वानुमान गरिएको छ।

राष्ट्रिय मौसम सेवाले सामाजिक सञ्जालमा अर्को चरणको भारी वर्षाको सम्भावना शनिबार ढिलो (आइतबार)सम्म हुने पोष्ट गरेको छ ।ह्युस्टनबाट ३० माइल (५० किलोमिटर) उत्तरपूर्वमा रहेको स्प्लेन्डोरा शहर नजिकै गत पाँच दिनमा २१ इन्च (५३ सेन्टिमिटर) भन्दा बढी पानी परेको मौसम सेवाले जनाएको छ।

ह्यारिस काउन्टीका न्यायाधीश लिना हिडाल्गोले एक पत्रकार सम्मेलनमा काउन्टीका विभिन्न क्षेत्रबाट झन्डै एक सय ८० जना मानिस र एक सय २२ जना घरपालुवा जनावरको उद्धार गरिएको बताउनुभयो ।स्थानीय मिडियाले पोल्क काउन्टीमा एक सय जनाभन्दा बढी र मोन्टगोमेरी काउन्टीमा चार सयभन्दा बढीको उद्धार गरेको बताएका छन्।

हिडाल्गोले बिहीबार सान ज्याकिन्टो नदीको पूर्वी फोर्कमा रहेको ह्युस्टन क्षेत्रका बस्तीलाई अनिवार्य खाली गर्न आदेश दिनु भएको छ र त्यहाँका बासिन्दालाई सकेसम्म चाँडो आफ्नो घर छोड्न आग्रह गरिएको थियो। ह्युस्टन शहरका अधिकारीले शनिबार यस क्षेत्रमा करिब एक हप्तामा करिब चार महिना बराबरको वर्षा भएको जनाएका छन्। तथापि, यहाँ हालसम्म कसैको मृत्यु वा घाइतेको खबर आएको छैन।

# चिनियाँ शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन न्यूयोर्कमा सम्पन्न

**सिन्ह्वा**

न्युयोर्क। चिनियाँ भाषा सिकाउने सम्बन्धी २२औँ न्युयोर्क अन्तर्राष्ट्रिय सम्मेलन शनिबार सम्पन्न भएको छ। सम्मेलनमा संयुक्त राज्य अमेरिका, चीन, क्यानाडा, सिङ्गापुर र अन्य देश तथा क्षेत्रका सहभागीहरूले नवप्रवर्तन र दिगो विषयमा आफ्ना विचार राखेका छन्।

चीनको साङ्घाई जिओ टोङ विश्वविद्यालयमा मानविकी विद्यालयका प्राध्यापक तथा डीनका सहायक वाङ जुनले भन्नुभयो, "विश्वभरका विश्वविद्यालय के-१२ विद्यालय, शैक्षिक संस्था र चिनियाँ शिक्षकको संयुक्त प्रयासबाट अन्तर्राष्ट्रिय चिनियाँ शिक्षामा दिगो विकास र निरन्तर समृद्धि प्राप्त गर्न सक्छौँ भन्ने हामीलाई विश्वास छ।"

के-१२ विद्यालय संयुक्त राज्य अमेरिका, क्यानाडा र केही अन्य देशमा शिक्षा र शैक्षिक प्रविधिमा प्रयोग हुने शब्द, कलेजअघि सार्वजनिकरूपमा समर्थित स्कूल ग्रेडहरूका लागि छोटो रूप हो।

न्युयोर्कस्थित चिनियाँ महावाणिज्य दूतावासका शिक्षा सल्लाहकार यु युगेनले नयाँ युगमा चिनियाँ भाषाको शिक्षाले सहयोगलाई सुदृढ गर्ने, शिक्षणको गुणस्तर सुधार गर्ने र मानिसहरूलाई प्रोत्साहन गर्ने निरन्तर प्रयासद्वारा चीनलाई अझ राम्रोसँग बुझ्न मद्दत गर्ने आशा व्यक्त गर्नुभयो। रासस


।। हार्दिक श्रद्धाञ्जली ।।



जन्म मिति
बि.सं.१९९१

स्व. रामलखन महासेठ

मृत्यु मिति
बि.सं.२०८१/०१/१३

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २१ कुर्था निवासी हाम्रा प्रातःस्मरणीय पुज्य **रामलखन महासेठ**को यहि मिति २०८१/०१/१३ गते ९० वर्षको उमेरमा देहावसान भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै असिम शोकको घडीमा हामीप्रति सहानुभुती प्रकट गर्नु हुने सम्पूर्ण शुभेच्छुक, इष्टमित्र, नाताकुटुम्बप्रति हार्दिक अभार प्रकट गर्दछौं।

**समस्त महासेठ परिवार**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २१ कुर्था

# मौरीपालनका निम्ति अनुदान बढाउन किसानको माग



नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) नवलपुरका किसानले जिल्लामा मौरीपालनका निम्ति उपयुक्त वातावरण भए तापनि सरकारी निकायले ध्यान नदिँदा पछाडि परेको गुनासो गरेका छन् । तीन तहकै सरकारबाट मौरीपालक किसानलाई प्रोत्साहन नहुँदा आफूहरू मर्कामा परेको उनीहरूको गुनासो छ ।

गैँडाकोट नगरपालिकामा सञ्चालित आधार भूत मौरीपालन तालिममा सहभागी किसानले मौरीपालन व्यवसायमा तीन तहकै सरकारले दिने अनुदान बढाउनुपर्ने माग गरेका छन् । तालिममा सहभागी प्रदीप सापकोटाले घरायसी प्रयोजनका लागि मात्र मौरीपालन गर्दै आएको भन्दै तालिमका कारण मौरीपालनलाई व्यावसायिक रूपमा अगाडि बढाउने प्रेरणा मिलेको बताउनुभयो । पछिल्लो समय तोरी फुल्ने बेलामा किसानले विषादीको प्रयोग बढी मात्रामा गर्नाले मौरीपालक किसानलाई समस्या भएको उहाँले बताउनुभयो ।

"जिल्लामा मौरीपालनको वातावरण छ", उहाँले भन्नुभयो, "मौरीले फूलको रसमात्रै सेवन नगरी बालीमा परागसेचनको कामसमेत गर्ने हुँदा यसबारे चेतना फैलाउन आवश्यक छ ।" जिल्लामा विभिन्न समयमा फलफूलखेती हुने गरेको र त्यसबाहेकको समयमा जङ्गली फूलबाट मौरीले मह उत्पादन गर्ने उहाँले बताउनुभयो । स्थानीय, प्रदेश र सङ्घीय सरकारले मौरीपालक किसानका समस्या समाधान गर्दै मह आयातमा प्रतिबन्ध लगाउनुपर्ने सापकोटाले बताउनुभयो ।

व्यावसायिकरुपमा मौरीपालन गर्दै आउनुभएका किसान चन्द्रबहादुर केसीले आफूहरूको समस्या कुनै पनि सरकारले नसुनेको गुनासो गर्दै गैँडाकोट नगरपालिकालाई किसानको समस्या सुन्न र समाधानमा सहयोग गर्न आग्रह गर्नुभयो । "किसानले उत्पादन गरेको मह बजारीकरणमा समस्या छ", उहाँले भन्नुभयो, "गुणस्तरहीन मह खुला रूपमा बिक्री हुँदा उपभोक्ताको स्वास्थ्यमा गम्भीर खेलवाड भइरहेको छ ।" सरकारको गलत नीतिका कारण आफूहरूले उत्पादन गरेको मह बिक्री नभएको केसीले गुनासो गर्नुभयो ।

सागर मौरीपालन उद्योगका प्रबन्ध निर्देशक करुणासागर सुवेदीले मौरीपालनका समस्या समाधान गर्न सामाजिक सङ्घसंस्थासँग मिलेर वृक्षरोपण गर्न आवश्यक भएको बताउनुभयो । साथै उहाँले गैँडाकोट नगरपालिकाले नगरपालिकाको जम्मा बजेटको शून्य दशमलव ५८ प्रतिशत बजेटमात्र कृषिमा छुट्याउनु दुःखद भएको बताउनुभयो । आगामी वर्षको बजेटमा कृषि क्षेत्रको समग्र बजेट बढाउँदै मौरीपालक किसानका समस्या सम्बोधन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

गैँडाकोट नगरपालिकाकी उपप्रमुख शान्ति कोइरालाले कृषि क्षेत्रमा कम रकम परेकामा आफू जानकार रहेको भन्दै आगामी वर्ष कृषिको बजेट बढाउन प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मौरीपालक किसान लक्षित कार्यक्रम सञ्चालन गर्ने तयारीमा नगरपालिका रहेको उहाँले जानकारी दिनुभयो ।रासस

# घरजग्गा कारोबारमा अझै बढेन 'कन्फिडेन्स'


काठमाण्डु । अर्थतन्त्रका आन्तरिक तथा बाह्य सूचकहरु सकारात्मक देखिएको भए पनि अझै व्यावसायिक वातावरण निर्माण हुन भने सकिरहेको छैन । समग्र अर्थतन्त्रको असर घरजग्गा कारोबारमा पनि उत्तिकै देखिएको छ । केही सुधारका सकेङ्तहरु देखिए पनि घरजग्गामा आशातित उपलब्धि हासिल हुन सकिरहेको छैन ।

भूमि व्यवस्था तथा अभिलेख विभागको तथ्याङ्कले सूचकहरु सकारात्मक हुँदाहुँदै पनि घरजग्गा कारोबार पहिलेकै अवस्थामा आउन नसकेको देखाउँछ । स्वयं व्यवसायीहरु पनि कारोबार माथि उठ्न नसकेको दाबी गर्छन् । झण्डै साँढे तीन खर्ब कूल पुँजी रहेको रियलस्टेटको बैंक तथा वित्तीय संस्थाको कुल ऋणको साँढे दुई खर्ब भनेको कुल ऋणको चार प्रतिशत जति हुन आउँछ । आवास ऋणको हकमा साँढे छ प्रतिशत जति छ । कम्पनी रजिष्ट्रारको कार्यालयमा भने १८ हजार दर्ता भएका देखिएको छ । अर्थतन्त्रको यति ठूलो हिस्सा बोकेर पनि अहिले कारोबारको ग्राफ सुस्त छ ।

गएको एक वर्षको तथ्याङ्क हेर्ने हो भने केही प्रतिशत बढेको तर त्यो अत्यन्त न्यून हो । लिखत पारित आशातित नभएको विभागकै दाबी छ । विसं २०७९ र २०८० साउन-वैशाख १५ सम्मको तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने कारोबार केही बढेको देखिए पनि सन्तोषजनक छैन । प्राप्त विवरणअनुसार २०७९ साउनदेखि वैशाख १५ सम्म नौ लाख ४९ हजार आठ वटा लिखत पारित (जग्गा कारोबार) भएका छन् । त्यसबाट रु २८ अर्ब ९८ करोड ४ लाख बढी राजस्व संकलन भएको छ । विसं २०८० साउनदेखि वैशाख १५ सम्मको तथ्याङ्कमा भने ११ लाख ३९ हजार ११४ घरजग्गा कारोबार भएको छ । त्यसबाट राजस्व रु ३४ अर्ब सात करोड ९७ लाख राजस्व सङ्कलन भएको छ । यसलाई जग्गा व्यवसायी महासङ्घ र स्वयं विभाग पनि कारोबार बढेको भन्न नमिल्ने बताउँछ ।

भूमि व्यवस्था तथा अभिलेख विभागका प्रवक्ता एवं निर्देशक वेदप्रसाद अर्याल भन्नुहुन्छ, "केही बढेको हो तर जसरी कारोबार हुनुपर्ने हो त्यो देखिएको छैन ।" उहाँका अनुसार यो बीचमा कित्ताकाट नै रोकिएको थियो । जग्गा वर्गीकरणको विषय पनि थियो । पछिल्लो समयमा सहकारीको समस्या थपिएपछि सहकारीमा जनताका धेरै पैसाहरु फसेको छ । सहकारी सञ्चालक वा सहकारीका नाममा रहेका घरजग्गा कारोबार हुन सकेन । नागरिकका पैसा पनि सहकारीमा डुबेपछि उनीहरुले पनि लगानी गर्न नसक्दा घरजग्गा कारोबारमा नराम्रो प्रभाव पारेको अर्यालको विश्लेषण छ ।

भूउपयोग नियमावली संशोधन भएर आएपछि र केही आर्थिक सूचकहरु सकारात्मक भएको तथा राष्ट्र बैंकले पनि घरजग्गा कारोबारमा खुकुलो नीति ल्याएपछि




भने केही सकारात्मक देखिएको अर्याल बताउनुहुन्छ । उहाँले विगतका वर्षहरुमा रु ६८ अर्ब माथि राजस्व सङ्कलन भएकाले चलायमान हुन त्यो भन्दा माथि जानुपर्छ तर अहिलेसम्मको स्थिति हेर्दा आधा मात्रै राजस्व सङ्कलन भइरहेको छ ।

### सरकारले पीडा नसुनेको गुनासो

घरजग्गामा सुस्तता हुनु भनेको यसको कारोबारमा मात्रै असर गर्दैन समग्र अर्थतन्त्र चल्नका लागि पनि असर गर्ने व्यवसायीहरु बताउँछन् । हुन त घरजग्गा कारोबार अनुत्पादक क्षेत्र भए पनि यसले समग्र अर्थतन्त्रको व्यावसायिक वातावरण निर्धारण गर्छ । यसतर्फ सरकारको ध्यान अझै नपुगेको नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष भेषराज लोहनी बताउनुहुन्छ ।

"मुख्य कुरा मानिसमा विश्वासनियता नै गुमेको अवस्था छ, बाह्य सूचकहरु सकारात्मक भए पनि, ब्याजदर घट्दो क्रममा भए पनि गतिविधि सुस्त भयो । देशको र विश्वव्यापी आर्थिक मन्दीको प्रभाव घर जग्गामा पनि पर्‍यो", अध्यक्ष लोहनीले भन्नुभयो, "यस्तो परिस्थितिमा सरकार र राष्ट्र बैंकले अलिकति खुकुलो नीति अवलम्बन गर्नुपर्ने थियो ।" उहाँका अनुसार कर्जा आम्दानी अनुपात आवास ऋणको होम लोनको हकमा बढाउनुपर्ने र ऋणको अनुपात पनि बढाउन सकेको भए घरजग्गा र आवास ऋणमा पनि कर्जा जान्छ र कारोबार बढाउनसक्ने परिस्थिति बन्नेछ ।

अहिले आवास ऋण हकमा आम्दानी अनुपात रु ५० लाखसम्मको हकमा ६० प्रतिशत र त्यसभन्दा माथि रु दुई करोडको हकमा ५० प्रतिशत हुने व्यवस्था छ । व्यवसायीका अनुसार जग्गाको मूल्याङ्कनको हकमा पनि दुई वटा व्यवस्था छ । ऋणको अनुपात रियलस्टेटको हकमा ५० प्रतिशत र आवासीय परियोजनाको हकमा ६० प्रतिशत छ । त्यो भने तापनि प्राकृतिक रुपमा बजार मूल्य एक तिहाइभन्दा नहुने भएकाले त्यसले चलायमान गराउनै नसक्ने व्यवसायीको दाबी छ ।

नेपाल जग्गा तथा आवास विकास महासङ्घले सरकारसँग कर्जा आम्दानी अनुपातको हकमा कम्तिमा ८० प्रतिशत र लोनको मूल्य अनुपातको हकमा न्यूनतम् ७० प्रतिशत हुनुपर्छ भन्ने माग गर्दै आएको छ । यसअघि २०६६ सालतिर यो ८० प्रतिशत नै थियो । त्यसपछि विस्तारै घटाउँदै कोरोनाको बन्दाबन्दीपछिको अवस्थामा ४० प्रतिशतसम्म झारिएको थियो । पछिल्लो छ महिनादेखि भने १० प्रतिशत बढाएर ५० प्रतिशतमा पुर्‍याइएको छ । त्यसले खासै घरजग्गा कारोबार चल्नै नसक्ने व्यवसायी दाबी गर्छन् ।

उहाँले आम्दानीको स्रोत भएको मान्छे यकिन गरेपछि उसले ऋण तिर्दैन भन्ने नहुने भएकाले उसले अरु समस्या भए पनि घरको लिलामको सूचना आउन नदिने दाबी गर्नुभयो । "हामीले यो कुराहरु सरकार र राष्ट्र बैंकलाई भनिरहेकै छौँ, निर्णय गर्ने निर्णयकर्ताले नगरेपछि के लाग्छ र", लोहनीले थप्नुभयो ।अर्का घरजग्गा कारोबार साना व्यवसायी कृष्ण शर्मा पैसा जति जग्गामा फसेको र मानिसहरु किन्न सक्ने अवस्थामा पनि नरहेकाले कारोबार अघि बढ्न नसकेको बताउनुहुन्छ । उहाँले अहिलेको अवस्थामा बैंकबाट ऋण लिएर बारोबार गर्नसक्ने स्थिति पनि नभएको बताउनुभयो । ऋण दिने अनुपात र जग्गाको मूल्याङ्कन कम हुँदा ठूलो समस्या परिरहेको उहाँले बताउनुभयो ।

### कुन आर्थिक वर्षमा कति कारोबार ?

गएको दुई वर्षको तथ्याङ्क विश्लेषण गर्दा अघिल्लो वर्षभन्दा एक लाख ९० हजार १०६ बढी घरजग्गा कारोबार भएको छ । त्यसबाट रु पाँच अर्ब १० करोड जति मात्रै राजस्व वृद्धि भएको देखिएको छ । प्राप्त विवरणअनुसार २०७९ साउनदेखि वैशाख १५ सम्म नौ लाख ४९ हजार आठ वटा लिखत पारित भएका छन् । त्यसबाट रु २८ अर्ब ९८ करोड ४ लाख बढी राजस्व सङ्कलन भएको छ ।

विसं २०८० साउनदेखि वैशाख १५ गतेसम्मको तथ्याङ्कमा भने ११ लाख ३९ हजार ११४ घरजग्गा कारोबार भएको छ । त्यसबाट राजस्व रु ३४ अर्ब सात करोड ९७ लाख राजस्व सङ्कलन भएको छ । यो भनेको सामान्य वृद्धि हो । उत्साहजनक वृद्धि भन्न मिल्दैन । जबकी आव २०७८/७९ मा रु १८ लाख १४ हजार सात सय ३९ घरजग्गा कारोबार हुँदा रु ६८ अर्ब १८ करोड ५९ लाख राजस्व सङ्कलन भएको थियो ।

### गएको चार आवको कारबार स्थिति

लिखत पारितका हिसाबले हेर्दा आव २०७६/७७ मा १२ लाख १२ हजार २३० घरजग्गा लिखत पारित हुँदा २६ अर्ब ३७ करोड ६८ लाख राजस्व सङ्कलन भएको थियो । आव २०७७/७८ मा १७ लाख २८ हजार १४० घरजग्गा कारोबार हुँदा ५३ अर्ब सात करोड १५ लाख राजस्व सङ्कलन भएको थियो ।

आव २०७८/७९ मा सबैभन्दा बढी घरजग्गा कारोबार भएको छ । उक्त वर्ष १८ लाख १४ हजार ७३९ घरजग्गा कारोबार भएको छ । त्यस कारोबोबारबाट रु ६८ अर्ब १८ करोड ५९ लाख राजस्व सङ्कलन भएको छ । आव २०७९/८० मा झण्डै २६ प्रतिशतले घटेर रु १३ लाख ३६ हजार छ सय ३३ घरजग्गा कारोबार भएको छ । त्यसबाट ३७ अर्ब ७५ करोड ८८ लाख राजस्व सङ्कलन भएको छ । रासस

# रायोको साग बेचेर लाख आम्दानी



गलकोट । गाउँबाट खाली फर्केका सवारीसाधन बजारबाट भरिभराउ भएर फर्कन्छन् । गाउँबाट बजार पठाउने स्थानीय उत्पादन नभएपछि अहिले अधिकांश गाउँमा आयातीत उत्पादनको उपभोग हुने गर्दछ ।

तर बागलुङको रायडाँडामा भने यो लागु हुँदैन । यहाँका किसानले सवारीसाधन कृषि उपजले भरेर बजार पठाउने गरेका छन् । यहाँ बाह्रैमास रायोको साग उत्पादन हुन्छ । अहिले यहाँको रायोको साग बागलुङ बजार हुँदै पोखरासम्म पुग्ने गरेको छ । कृषिमा निकै सम्भावना बोकेको रायडाँडामा उत्पादन भएको साग अहिले ब्राण्ड बनिसकेको छ । यहाँका किसानले व्यावसायिक रुपमा नै रायोको साग खेती गर्दै आएका छन् । रायडाँडाबाट प्रत्येक बिहान रायोको सागले भरिएको जीप बागलुङ बजार आउने गरेको छ ।

रायडाँडाको धारापानी गाउँ कृषिमा आत्मानिर्भर रहेको छ । यहाँका किसानले दैनिक एक पिक आप जिप भरी साग मात्रै बागलुङ बजार पठाउँदै आएको स्थानीय हिराबहादुर थापाले बताउनुभयो । थापाले यहाँको साग मौसमी र बेमौसमी दुबै समयमा उत्पादन भइरहेको बताउनुभयो । "दैनिक जसो एक जीप भरी रायोको साग बागलुङ बजार पुग्छ, चिसो ठाउँमा उत्पादन भएको रायोको साग बागलुङ बजारका व्यवसायीले धेरै मूल्य पाउन पोखरा पठाउने गरेका छन्", थापाले भन्नुभयो, "हिले रायडाँडाको साग भनेपछि मूल्य बढी पर्न थालेको छ, रायडाँडाको साग पाएपछि उपभोक्ताले मूल्यमा सम्झौता गर्दैनन्, अहिले ताराखोलाको आलु र भाङ्गो भनेजस्तै रायडाँडाको साग भन्ने ब्राण्ड नै बनिसकेको छ ।"

यहाँका बालिका थापा, रुद्रबहादुर थापा, दलबहादुर थापा, चन्द्रबहादुर थापा, तिलमाया थापा, टीकाबहादुर थापाले वार्षिक दुई लाखसम्म सागबाटै कमाउने गरी पाखोबारी भरी साग खेती गर्दै आएको बताउनुभयो ।

रायडाँडा टाढाको गाउँ भएकाले वर्षाझ्ा भने बजारीकरणका लागि अझै समस्या रहेको थापाको भनाइ छ । वर्षाझ्ा गाडी नचल्दा उत्पादन भएको साग गाई भैँसीलाई हाल्नुपर्ने बाध्यता रहेको स्थानीय कृषकको भनाइ छ । "एक वर्षमा रायोको साग मात्रै बिक्री गरेर एउटा किसानले तीन लाखसम्म कमाएको रेकर्ड छ, बजारमा मूल्य भने स्थिर छैन, अहिले धारापानीबाट एउटा जीपभरी साग मात्रै बजार जान्छ, कहिले धेरै कहिले थोरै मूल्य पर्छ, न्यूनतम रु २० मुठोमा बिक्री भएको पाइन्छ, त्यहाँका व्यापारीले हाम्रो साग पोखरा पठाएको पाइन्छ" साग किसान बालिकाले भन्नुभयो, "यहाँको कालो माटोमा रायोको साग निकै झाङ्गिन्छ, यहाँको साग खाएपछि अर्कोपटक माग आइहाल्छ, माग र उत्पादनलाई मिलाउन नसकेको मात्रै हो, बजारको तीन पसलमा रायडाँडाको रायोको साग जुनसुकै समयमा खरिद गर्न सकिन्छ ।"

साग सस्तोमा बिक्री भए पनि उत्पादन धेरै गर्न सके राम्रो फाइदा हुने स्थानीय रुद्रबहादुर थापाले बताउनुभयो । यहाँको साग दैनिकजसो टिप्न सकिने बताउँदै थापाले माग बढेपछि उत्पादन बढाउन थालिएको बताउनुभयो । "अहिले प्रचारप्रसार धेरै भएपछि माग समेत बढेको छ, रायडाँडाको साग पोखराका ठूला होटलमा समेत पुग्न थालेपछि साग खेती विस्तार गरिरहेका छौँ" उहाँले भन्नुभयो "गाउँबाट रित्ता सवारी पठाएर बजारबाट भरेर गाउँ ल्याउने चलनलाई रायडाँडाले फरक सन्देश दिएको छ, यहाँबाट प्रत्येक दिन रायोको साग, मुला, काउली र बन्दाले भरिएको जीप बागलुङ बजार पुग्छ ।"

बसाईसाईको चपेटामा रहेको रायडाँडाको धारापानीमा बगर बस्ती भएकाले कम बसाईसराई छ । रायडाँडावासीले रायोको सागसँगै मुला, काउली र बन्दा समेत उत्पादन गर्दै आएका छन् । बागलुङ नगरपालिकाको सबैभन्दा टाढाको गाउँका रुपमा रहेको ११ नम्बर वडा रायडाँडा बसाईसराईले उजाडिएको गाउँ हो । तर यहाँको रायडाँडाको धारापानीका किसानले साग बिक्रीबाटै राम्रो आम्दानी समेत गर्दै आएका छन् ।

यहाँ उत्पादन भएको रायोको साग निकै स्वादिष्ट भएपछि उपभोक्ताले खोजी-खोजी खाने गर्दछन् । यहाँको सागलाई सुरुमा सहकारीमार्फत् बजारीकण गर्न सघाएको बागलुङ नगरपालिका-११ का वडा अध्यक्ष ज्ञानेन्द्र गौतमले जानकारी दिनुभयो । उहाँले किसानलाई बजारीकरणमा सघाएपछि अहिले किसानले आफैँ बिक्री गर्न थालेको गोतमको भनाइ छ ।रासस

# नेप्से परिसूचक ओरालो यात्रामा



काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २४ दशमलव ५८ अङ्कले ओरालो लागेर एक हजार नौ सय ७४ दशमलव ३७ मा सीमित भएको छ । कूल ९७ लाख ६२ हजार आठ सय तीन कित्ता शेयर रु तीन अर्ब ७९ करोड ५७ लाख ४८ हजार दुई सय ९६ मूल्यमा कारोबार भयो ।

स्टकका अनुसार कारोबारका आधारमा नेपाल फाइनान्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु १२ करोड ६४ लाख ९९ हजार सात सय ५३ बराबरको कारोबार भयो । यस्तै, डोल्टी पावर नौ दशमलव ५६, साधना लघुवित्त आठ दशमलव ७२, समता घरेलु लघुवित्त आठ दशमलव ७२, कुमारी बैंकको ऋणपत्र चार दशमलव शून्य तीन र नबील ब्यालेन्स फण्ड तेस्रोका लगानीकर्ताले तीन दशमलव ८९ प्रतिशतले कमाएका नेपाल स्टक एक्सचेञ्जले जनाएको छ ।

पिपल्स पावर नौ दशमलव ९२, सिँगटी हाइड्रोपावर इनर्जी सात दशमलव ५५, हिमालयन डिस्टिलरी छ दशमलव ३३, जानकी फाइनान्स पाँच दशमलव ६९ र बोटलर्स नेपाल तराईका लगानीकर्ताले भने पाँच दशमलव २३ प्रतिशत घाटा बेहोर्नुपरेको छ ।रासस


## ब्रह्म्पुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### ब्रह्म्पुरी, सर्लाही
### मधेश प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

प्रथम पटक प्रकाशित मिति : २०८१।०१।२४

उपरोक्त सम्बन्धमा यस ब्रम्हपुरी गाउँपालिका अन्तर्गत तपसिलका पोखरीहरु सिलबन्दी बोलपत्रको माध्यमबाट प्रथम पटक ठेक्कामा लगाउनु पर्ने भएकोले तपसिल अनुसारको शर्तको अधिनमा रही आ.व. ०८१।०८२ को श्रावण १ गते देखि लागु हुने गरी आ.व. ०८५।८६ आषाढ मसान्त सम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयबाट बोलपत्र फाराम खरीद गरी ३१ औं दिन दिनको १:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | पोखरीको नाम ठेगाना | न्यून्तम् रकम | कैफियत |
|---|---|---|---|
| १. | पनपिया पोखरी वडा नं. १ | ३५,००,०००।- | |
| २. | नुनथरा पोखरी, ब्रम्हपुरी-२ | १८,००,०००।- | |
| ३. | धोवियाही पोखरी, ब्रम्हपुरी-२ | १३,००,०००।- | |
| ४. | गोवरहिया पोखरी, वडा नं. २ | १५,००,०००।- | |
| ५. | सानो जोरलहिया पोखरी, ब्रहम्पुरी-६ | ५,००,०००।- | |
| ६. | थापा पोखरी, ब्रम्हपुरी-६ | ५,००,०००।- | |
| ७. | फेकु बांध, ब्रह्मपुरी-७ | २,००,०००।- | |
| ८. | नाखा खोला, ब्रह्मपुरी-७ | ३,००,०००।- | |

**शर्तहरू**

१. बोलपत्र फाराम यस कार्यालयबाट बोलपत्र फाराममा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्नु पर्नेछ ।
२. प्रत्येक पोखरीको लागि छुट्टाछुट्टै बोलपत्र फराम खरीद गर्नु पर्नेछ ।
३. ठेक्का अवधिआ.व. ०८१।०८२ को संझौता भएको मिति देखि लागु हुने गरी आ.व. ०८५।०८६ को आषाढ मसान्त सम्म रहने छ ।
४. धरौटी वापतको रकम यस कार्यालयको नविल बैंक लिमिटेड, ब्रहम्पुरी शाखामा रहेको धरौटी खाता नम्बर २१७०१०१७५०००१७ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नगद पेश गर्नु पर्नेछ ।
५. ठेक्का स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ ।
६. ठेक्का स्वीकृत भएको ७ दिन भित्र चलन पट्टा लिई सक्नु पर्नेछ । अन्यथा नियमानुसार भई जाने छ ।
७. गाउँपालिकाको कुनै किसिमको बाँकी बक्यौता भए ठेक्का सकार गर्न पाउने छैन ।
८. नेपाल सरकारलाई बुझाउनु पर्ने कबोल रकमको १३% ले हुने भ्याट वापतको रकम कबोल अंकमा समावेश गरी सम्बन्धित ठेकेदारले नै बुझाउनु पर्नेछ ।
९. चलन पट्टा लिंदा बोलपत्र साथ राखेको धरौटी रकम प्रथम किस्ताको रकममा समावेश हुनेछ ।
१०. बोलपत्र दर्ता यस गाउँपालिकाको कार्यालयमा हुनेछ । म्याद नाघी आएको बोलपत्र माथी कुनै कार्यवाही हुने छैन ।
११. किस्ताको हकमा प्रत्येक आ.व.को किस्ताको रकम दाखिला गरिसके पछि मात्र चलन पट्टा दिईने छ तर धितो जमानी वापत जग्गा धरौटी (जग्गाको नक्सा सहित) राख्नु पर्नेछ ।
१२. बोलपत्र ३० औं दिनभित्र खरीद गरी ३१ औं दिन दिनको १ बजे सम्म दर्ता गराई सक्नु पर्नेछ । सोही दिन दिनको २:०० बजे देखि ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ तर ठेकेदारको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
१३. कुनै किसिमको दैवी प्रकोप वा हानी नोक्सानी देखाई मिन्हा पाउने छैन ।
१४. यस सूचनामा उल्लेख भएको यसै बमोजिम र उल्लेख नभएको शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१५. यस सम्बन्धी कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र सम्पर्क गर्नु पर्नेछ ।
१६. बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

